# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (बागमती प्रदेश)

# अर्ध-वार्षिक प्रतिवेदन

## (आर्थिक वर्ष २०८०/८१)




नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
(२०८१ जेठ)

# भूमिका

आर्थिक स्थायित्व, अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकका उद्देश्यहरु हुन्। यी उद्देश्य हासिल गर्न बैंकले मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ। बैंकले गर्ने अध्ययन अनुसन्धानको लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायहरुबाट आवश्यक तथ्याङ्क तथा विवरणहरु संकलन/प्रशोधन गर्ने गर्दछ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुकमा संघीयताको कार्यान्वयनसँगै प्रशासनिक स्वरुपमा आएको परिवर्तनका कारण प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने आवश्यकता महसुस भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन-२०७०" परिमार्जन गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम प्रतिवेदन तयार गर्न थालिएको छ। उक्त मार्गदर्शनमा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०७७/७८ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गरी प्रकाशन गर्न शुरु गरिएको छ। उक्त मार्गदर्शनको व्यवस्था बमोजिम आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशभित्रका १३ जिल्लाहरुलाई समेटी यो प्रादेशिक प्रतिवेदन तयार गरेको छ।

स्थलगत सर्वेक्षण तथा विभिन्न स्रोतहरुबाट प्राप्त कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्क जिल्लागत रुपमा संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ। सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञहरुबाट प्राप्त जानकारीहरु एवम् सर्वेक्षणको क्रममा देखिएको अवस्था लगायतलाई विश्लेषण गरी क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु। प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरू श्री सजना शिल्पकार र श्री जयनारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री निरज घिमिरे, श्री रोशन सेढाँई, श्री सुनिता पौडेल, श्री कुशल ढकाल, श्री शिखा पोखेल र अधिकृत श्री राम कुमार थापा समेत धन्यवादका पात्र हुनुहुन्छ।

**डा. प्रकाश कुमार श्रेष्ठ**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| **सारांश** | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | |
| | १.१ पृष्ठभूमी | १ |
| | १.२ अध्ययनको उद्देश्य | १ |
| | १.३ अध्ययन विधि | १ |
| | १.४ अध्ययनको सीमा | २ |
| | १.५ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २ :** | **प्रदेशको तुलनात्मक स्थिति** | |
| | २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ अन्तरप्रदेश तुलना | ३ |
| | २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ४ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | १० |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | |
| | ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन | १६ |
| | ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| | ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १८ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | |
| | ५.१ पर्यटन | २० |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २१ |
| | ५.३ वित्तीय सेवा | २१ |
| | ५.४ यातायात | २२ |
| | ५.५ सेवा क्षेत्र कर्जा | २२ |
| | ५.६ सहुलियतपूर्ण कर्जा | २३ |
| | ५.७ सहकारी | २४ |
| | ५.८ प्रदेशगत सरकारी वित्त | २४ |
| | ५.९ स्थानीय तहहरुको बजेट स्थिति | २५ |
| | ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना | २६ |
| **परिच्छेद ६ :** | **पूर्वाधार र रोजगारी** | |
| | ६.१ पूर्वाधार क्षेत्र | २८ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २९ |

६.३ रोजगारी ३०

**परिच्छेद ७ : आर्थिक परिदृष्य**

७.१ कृषि क्षेत्रको परिदृष्य ३३
७.२ औद्योगिक क्षेत्रको परिदृष्य ३३
७.३ सेवा क्षेत्रको परिदृष्य ३३
७.४ पूर्वाधार क्षेत्रको परिदृष्य ३३

# सारांश

बागमती प्रदेशका १३ वटा जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनको सार-संक्षेप निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

१. आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धबार्षिक अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले बढेको छ भने सोको उत्पादन ३.५ प्रतिशतले घटेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा अवधिमा कोदो उत्पादन ७.५ प्रतिशत, जौ उत्पादन ११.३ प्रतिशत र धान उत्पादन ०.८ प्रतिशतले बढेको छ । साथै, मकै उत्पादन १.७ प्रतिशत, गहुँ उत्पादन ३.० प्रतिशत र फापर उत्पादन १७.० प्रतिशतले घटेको छ ।

३. समीक्षा अवधिमा तरकारी उत्पादन ८.६ प्रतिशतले घटेको छ । पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २.३ प्रतिशत, मासु उत्पादन १.६ प्रतिशत र अण्डाको उत्पादन ०.२ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि, वन र माछापालन क्षेत्रमा रु.१ खर्ब १६ अर्ब २० करोड कर्जा लगानी गरेका छन् जुन यस प्रदेशमा प्रवाहित कर्जाको ४.३ प्रतिशत हुन आउँछ ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमूनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४५.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४७.० प्रतिशत रहेको थियो ।

६. समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये पशुदानाको उत्पादन १९.९ प्रतिशत, पश्मिना उत्पादन ६.६ प्रतिशत, अन्य रासायनिक पदार्थ अन्तरगत Tablet उत्पादन ९.३ प्रतिशत, Capsule उत्पादन ६.३ प्रतिशत, Ointment उत्पादन १७.७ प्रतिशत, Liquid उत्पादन ०.६ प्रतिशत र कपडाको जुत्ता उत्पादन १७.४ प्रतिशतले बढेको छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.०७ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ५०.६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३१.७ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १०.८ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु. ५ अर्ब ५३ करोड पुगेको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७९ पुस मसान्तको तुलनामा ११.४ प्रतिशतले र कर्जा प्रवाह ०.६ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ६५.४९ प्रतिशत रहेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सहजीकरण गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन्। बैंकले देशको आर्थिक गतिविधि सम्बन्धी अध्ययन गरी सोही बमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ। नेपाल राष्ट्र बैंकले समग्र तथा प्रादेशिक आर्थिक, वित्तीय तथा बाह्य क्षेत्रहरुका तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो। त्यसैगरी आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको थियो। नेपालको संविधान, २०७२ जारी भएसँगै मुलुक संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले अर्थिक वर्ष २०७६/७७ देखि देशका सातै प्रदेशका ७७ वटै जिल्लालाई समावेश गरी आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संसोधन २०७९ समेत) का आधारमा एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ। सोही बमोजिम बागमती प्रदेशका दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी कुल १३ वटा जिल्लाहरुको आर्थिक गतिविधिबारे विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एंव तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेका परिवर्तनहरुलाई विश्लेषण गर्ने पनि यस अध्ययनको उद्देश्य रहेको छ।

## १.३ अध्ययन विधि

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत सर्वेक्षण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

## १.४ अध्ययनको सीमा

मुलुक संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यस सम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिन भएको स्थिति छ। कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ।

## १.५ अध्ययनको ढाँचा

अध्ययनलाई ७ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ। परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा प्रदेशको तुलानात्मक स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ। यसैगरी, परिच्छेद ७ मा आर्थिक परिदृश्य सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ४८ अर्ब ५३ करोड रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९२ प्रतिशत, १३.६० प्रतिशत र ६२.४८ प्रतिशत रहेको छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आर्थिक वर्ष २०७९/८० मा बागमती प्रदेशको आर्थिक वृद्धिदर १.७७ प्रतिशत रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.१९ खर्ब ३७ अर्ब ४५ करोड रहेको छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.३१ प्रतिशत, ११.७३ प्रतिशत र ७६.९६ प्रतिशत रहेको छ। विभागको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१३ प्रतिशत, ३१.२२ प्रतिशत र ४४.६२ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.२२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२८ प्रतिशत) रहेको छ। वृहत आर्थिक वर्गीकरण अनुसार कृषि क्षेत्रको उत्पादनमा कोशीको हिस्सा सबैभन्दा धेरै (२१.७० प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२५ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.२२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.२२ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४४.६२ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१५ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०७९/८०)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ८४९.०२ | ७०२.६९ | १९३७.४५ | ४८४.१३ | ७६४.६६ | २२९.१४ | ३८१.४५ | ५३४८.५३ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८७ | १३.१४ | ३६.२२ | ९.०५ | १४.३० | ४.२८ | ७.१३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | २.१३ | १.५० | १.७७ | ३.३० | १.९९ | १.९६ | १.५२ | १.९५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.७० | १९.१२ | १७.१३ | ९.६३ | १७.४९ | ५.२५ | ९.६८ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८३ | ११.११ | ३१.२२ | ११.९८ | १५.६० | ३.२२ | ७.०४ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७९ | ११.२९ | ४४.६२ | ८.२० | १२.७८ | ४.१५ | ६.१८ | १००.०० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.६८ | ३४.८१ | ११.३१ | २५.४३ | २९.२७ | २९.३२ | ३२.४५ | २३.९२ |
| उद्योग क्षेत्र | १६.९९ | ११.५० | ११.७३ | १७.९९ | १४.८५ | १०.२३ | १३.४३ | १३.६० |
| सेवा क्षेत्र | ५०.३३ | ५३.६९ | ७६.९६ | ५६.५७ | ५५.८९ | ६०.४५ | ५४.११ | ६२.४८ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

समीक्षा अवधिमा पहिचान भएका क्षमता र सम्भावना देहाय बमोजिम रहेका छन् ।

- धादिङ्ग जिल्लाको रुबी भ्याली, चितवन जिल्लाको नारायणी नदी किनार, पहाडी तथा हिमाली क्षेत्रहरूका ग्रामीण भेग, विश्वका हिन्दुहरूको पवित्र स्थल देवघाट क्षेत्र, कालिञ्चोक, गोसाईकुण्ड लगायतका स्थानहरुमा पयर्टनको प्रचुर सम्भावना रहेको छ ।
- राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार कुल जनसंख्याको २०.९७ प्रतिशत मानिसहरु बागमती प्रदेशमा बसोबास गर्दछन् । जसमध्ये ७७.३ प्रतिशत नगरपालिका क्षेत्रमा बसोबास गर्दछन् । यसर्थ, यस प्रदेशमा कृषि, शिक्षा, स्वास्थ्य, व्यापार, पूर्वाधार लगायतका क्षेत्रमा जनसांख्यिक लाभको उच्च सम्भावना रहेको छ ।
- प्रादेशिक बजेटमा उल्लेखित 'रुबी भ्याली एकीकृत विकास कार्यक्रम' र 'गोसाइकुण्ड एकीकृत विकास परियोजना' को कामलाई समयमै सम्पन्न गरी प्रदेशमा पर्यटकीय आगमन वृद्धि र बसाईको अवधि बढाउन सकिने सम्भावना रहेको छ ।
- काठमाडौं उपत्यका, चितवन, काभ्रे, हेटौंडा लगायतका ठूला सहरहरुमा रेष्टुरेन्ट तथा फास्टफुड संस्कार बढ्दै गएकोले फलफुल, तरकारी, मासु, अण्डा तथा खाद्यान्नको माग बढोत्तरी हुनाले नजिकका जिल्लाहरुमा सोको उत्पादन बढाउन सकेमा उक्त उपजहरुको सहज बजार विस्तारको सम्भावना रहेको छ ।
- बढ्दो शहरीकरण तथा महँगिदै गरेको इन्धन खर्चले यस प्रदेशमा विद्युतीय सवारीसाधन, चार्जिङ स्टेसन, इन्डक्सन चुलो लगायतका आधुनिक पूर्वाधारहरुको व्यवसायिक सम्भावना उच्च रहको छ ।
- यस प्रदेशमा हिमाल, पहाड, उपत्यका र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकोले विविधताको हिसाबले अन्य प्रदेशहरुभन्दा कृषि, पर्यटन, जलविद्युत र व्यापारमा तुलनात्मक लाभ रहको छ ।
- कृषि तथा पशुपालनमा प्रोत्साहनात्मक कार्यक्रम प्रभावकारीरुपमा संचालन गरी कृषि तथा पशुपालनमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- जनघनत्व बढी रहेको शहरहरुमा एकीकृत सार्वजनिक यातायातको व्यवस्था गर्न सकिने सम्भावना रहेको छ ।
- गैर आवासीय नेपालीलाई विशेष कार्यक्रममार्फत् कृषि, पर्यटन, सूचना प्रविधि, शिक्षा लगायतका पूर्वाधार लगानीमा प्रोत्साहन गर्न सके सेवा क्षेत्रमा थप विकासको सम्भावना रहेको छ ।
- भूमि बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याई बाँझो कृषि योग्य जमिन सरकारले भाडामा लिने र कृषकलाई लिजमा दिएर खाद्यान्न उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।
- भारत तथा बंगलादेशतर्फ बिजुली व्यापारको सम्भावनाका साथै चीनतर्फ पनि रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण गरी बिजुली निर्यात गर्ने सम्भावना रहेको छ । यसै सम्भावनालाई अध्ययन गरी नेपाल र चीनबीच २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि समझदारी भएकाले चीनतर्फ विद्युत निर्यातको सम्भावना बढेको छ ।
- रामेछाप र सिन्धुली जिल्लाको भौगोलिक अवस्था र हावापानी जुनार खेतीको लागि उपयुक्त रहेकोले व्यावसायिक रुपमा जुनार खेती गर्न सकिने सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौती

समीक्षा अवधिमा पहिचान भएका चुनौतीहरु देहाय बमोजिम रहेका छन्। बागमती प्रदेशको समग्र विकासका लागि यी चुनौतीहरु सम्बोधन हुनुपर्ने देखिन्छ।

- महानगरको फुटपाथ फराकिलो र व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिँदै फुटपाथमा रहेका साना तथा खुद्रा व्यापारीहरुको उचित व्यवस्थापन गर्नु। सार्वजनिक जग्गा तथा नदी किनारामा भएको अतिक्रमणलाई रोक्न तथा भूमिहीन किसानको समस्या समाधान गर्दै सुकुमबासी समस्या समाधान गर्नु।
- शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापन, ढल तथा फोहोर व्यवस्थापन, सडकको नियमित मर्मत सम्भार, अव्यवस्थित तार तथा होर्डिङ बोर्ड व्यवस्थापन तथा शहरको मौलिकता तथा सौन्दर्य कायम राख्नु।
- जलवायु परिवर्तनले निम्त्याएको बाढी, आँधी, कटान, डुवान, सुख्खा, आगो, रोगको प्रकोप आदिको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा यस प्रदेशमा समेत यस्ता घटना बढ्न गएकोले कृषि, स्वास्थ्य, शिक्षामा समयानुकूल परिवर्तन गर्दै जानु।
- जाडो र सुख्खा मौसममा उपत्यका र आसपासका क्षेत्रमा वायुको गुणस्तर खराब भई अत्यधिक वायु प्रदुषण हुने हुँदा यसलाई कम गर्न डढेलो नियन्त्रण, प्लाष्टिक सहितका फोहोर जलाउने कार्यको निरुत्साहन, निर्माण कार्यबाट निस्कने धुलाको नियन्त्रण, धुवाँ फाल्ने उद्योग बस्तीबाट टाढा राख्ने वातावरणको सृजना तथा सवारी साधनको प्रदुषण नियन्त्रण जस्ता कार्य गर्नु।
- सिन्धुपाल्चोकको तातोपानी नाका तथा रसुवागढी नाकाबाट काठमाडौंसम्मको बाटो वर्षाको समयमा बाढी पहिरोका कारण बन्द हुने समस्या रहेकोले समयमै बाटोको मर्मत सम्भार गरी चुस्त दुरुस्त राखी चीनसँगको व्यापार नियमित गर्नु।
- एकातिर सहरी क्षेत्रमा जनसंख्या वृद्धिले कृषियोग्य भूभागमा बस्ती बढ्दै जानु अर्को तर्फ पहाडी तथा हिमाली इलाकामा बसाईसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषिजोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण रहेको छ।
- उपत्यका तथा आसपासको क्षेत्रको जमिनको बढ्दो मूल्यले उद्योग स्थापना र सञ्चालन लागत बढ्ने र उत्पादित वस्तुले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुने हुँदा जमिनको मूल्यमा स्थायित्व ल्याउने कार्य चुनौतीपूर्ण रहेको छ।
- बिजुली व्यापार विस्तार गर्न प्रसारणलाइनका लागि समझदारी भए पनि त्रिशुली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनावाट उत्पादित बिजुली चीनतर्फ रसुवागढी-केरुङ प्रसारणलाइनबाट निर्यात गर्न सकिने सम्भाव्यता भएपनि अन्य स्थानको निर्यातमा चुनौती रहेको छ।
- रामेछाप र सिन्धुली जिल्लामा जुनार खेतीको व्यावसायिक रुपमा गर्न सकिने सम्भावना रहेको भएतापनि उपयुक्त बाटोघाटो नहुँदा उत्पादित जुनारको लागि बजारको सुनिश्चितता गर्नु चुनौतीपूर्ण रहेको छ।


# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशतले बढेको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल ०.५ प्रतिशतले घटेको थियो।

**खाद्य तथा अन्यबाली :**

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ३.६ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो क्षेत्रफल १.६ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा कोदो बालीले ढाकेको क्षेत्रफल ७.० प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल १४.२ प्रतिशत र मकै बालीले ढाकेको क्षेत्रफल ३.० प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ९.४ प्रतिशत, फापर बालीले ढाकेको क्षेत्रफल ८.१ प्रतिशत र आलु बालीले ढाकेको क्षेत्रफल ११.३ प्रतिशतले घटेको छ।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ९.० प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ४.९ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल १४.२ प्रतिशतले बढेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल ११.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीहरुले ढाकेको क्षेत्रफल क्रमश: १.१ प्रतिशत र ०.४ प्रतिशतले बढेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**


| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | २२९९४ | १९२४ | ६५६ | ८२२.० | ४.० | ३.९ | ३.६ | १३.६ |
| सिन्धुपाल्चोक | ६४९११ | २१२५ | १२९५ | ८९९ | ११.३ | ४.३ | ७.० | १४.८ |
| रसुवा | ८८२६ | १६५९ | ४८० | २६० | १.५ | ३.३ | २.६ | ४.३ |
| धादिङ्ग | ५००३८ | ९१२२ | १९७२ | ४५०.० | ८.७ | १८.३ | १०.७ | ७.४ |
| नुवाकोट | ५११०४ | ५४९४ | १५१३ | ६८८.० | ८.९ | ११.० | ८.२ | ११.३ |
| काठमाडौं | १८५०८ | २१४९ | ३३४ | २१.० | ३.२ | ४.३ | १.८ | ०.३ |
| भक्तपुर | ९३०९ | ३२७२ | ३६ | २३०.० | १.६ | ६.६ | ०.२ | ३.८ |
| ललितपुर | २०९४९ | ३१४७ | १८७ | ३.६ | ३.६ | ६.३ | १.० | ०.१ |
| काभ्रेपलाञ्चोक | ५८९४३ | ६१५० | १२५० | ७७.० | १०.२ | १२.४ | ६.८ | १.३ |
| रामेछाप | ४४९९१ | ४४७४ | २२८५ | ४२७.० | ७.८ | ९.० | १२.४ | ७.० |
| सिन्धुली | ६७३७९ | २८६१ | ४८७९ | १२२३.० | ११.७१ | ५.७ | २६.५ | २०.२ |
| मकवानपुर | ६७२८१ | ४२३० | ६९७ | ४६०.० | ११.६९ | ८.५ | ३.८ | ७.६ |
| चितवन | ८९८८३ | ३१५० | २८०० | ५०३.० | १५.६ | ६.३ | १५.२ | ८.३ |
| **जम्मा** | **५७५११६** | **४९७५७** | **१८३८४** | **६०६३.६** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१५.६ प्रतिशत) र रसुवा जिल्लाको सबैभन्दा कम (१.५ प्रतिशत) रहेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफलमा धादिङ्ग जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (३.३ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२६.५ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ । मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२०.२ प्रतिशत) र ललितपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । (तालिका ३.१) ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.४ प्रतिशतले घटेको छ र खाद्य तथा अन्य बालीको उत्पादन ३.५ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादन २.० प्रतिशतले र खाद्य तथा अन्य बालीको उत्पादन १.१ प्रतिशतले बढेको थियो ।




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा कोदो उत्पादन ७.५ प्रतिशत, जौ उत्पादन ११.३ प्रतिशत र धान उत्पादन ०.८ प्रतिशतले बढेको छ भने, मकै उत्पादन १.७ प्रतिशत, गँहु उत्पादन ३.० प्रतिशत, फापर उत्पादन १७.० प्रतिशत, आलु उत्पादन ९.४ प्रतिशत, भटमास उत्पादन ३.६ प्रतिशत, दलहन उत्पादन ०.३ प्रतिशत र तेलहन उत्पादन ०.१ प्रतिशतले घटेको छ।

गत वर्षको सोही अवधिमा कोदो उत्पादन ६.३ प्रतिशत, आलु उत्पादन ४.१ प्रतिशत, फापर उत्पादन ०.४ प्रतिशत र भटमास उत्पादन ०.६ प्रतिशतले बढेको थियो भने धान उत्पादन १.४ प्रतिशत, मकै उत्पादन ०.३ प्रतिशत, गहुँ उत्पादन ०.१ प्रतिशत, जौ उत्पादन १३.६ प्रतिशत, र तेलहन उत्पादन प्रतिशत ०.८ र दलहन उत्पादन ०.४ प्रतिशतले घटेको थियो।

**तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादन ८.६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ४.७ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूलको उत्पादन ४७.५ प्रतिशतले बढेको छ। सुन्तला उत्पादन ३४.८ प्रतिशत, आँप उत्पादन ३.३ प्रतिशत, केरा उत्पादन ११३.९ प्रतिशत, स्याउ उत्पादन १.३ प्रतिशततथा अन्य फलफूल उत्पादन ४.५ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूलको उत्पादन १.३ प्रतिशतले बढेको थियो। उक्त अवधिमा केरा उत्पादन ३.१ प्रतिशत, स्याउ उत्पादन ०.२ प्रतिशत, आँप उत्पादन २.३ प्रतिशत तथा अन्य फलफूल १.४ प्रतिशतले वृद्धि भएको थियो भने सुन्तला उत्पादन ०.७ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा मसला उत्पादन २६.३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा मसला उत्पादन ०.४ प्रतिशतले बढेको थियो।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | १००७८७ | २६१५३ | ३२४२ | १२६१.० | ४.७ | ४.० | २.२ | २.१ |
| सिन्धुपाल्चोक | १६९३२१ | २८६८८ | ६१७५ | ८५३९.० | ७.९ | ४.३ | ४.२ | १४.४ |
| रसुवा | ५७१४४ | ११९२१ | २६८८ | १७०४.० | २.७ | १.८ | १.८ | २.९ |
| धादिङ्ग | १५०४५३ | ८४७०० | ६२१३ | ४०१५.० | ७.० | १२.८ | ४.३ | ६.८ |
| नुवाकोट | २३५७७७ | ५९५१२ | ११०८४ | ६१७८.० | ११.० | ९.० | ७.६ | १०.४ |
| काठमाडौं | १२३८८२ | ६५५८८ | ३३४ | २१.० | ५.८ | ९.९ | ०.२ | ०.० |
| भक्तपुर | ६३९०५ | ६८५१६ | ३७४ | २३५३.० | ३.० | १०.४ | ०.३ | ४.० |
| ललितपुर | ८९०२६ | ७०५८७ | २०२५ | १४९३.० | ४.२ | १०.७ | १.४ | २.५ |
| काभ्रेपलाञ्चोक | २८६९५३ | १०४५५० | ८१०० | ७४५.० | १३.४ | १५.८ | ५.५ | १.३ |
| रामेछाप | १५४१६२ | १२५३६ | २२०४६ | २७९९.० | ७.२ | १.९ | १५.१ | ४.७ |
| सिन्धुली | १८९८६७ | १७१६६ | २०४९६ | १४५७६.० | ८.९ | २.६ | १४.० | २४.६ |
| मकवानपुर | २२११८४ | ८०३७० | २८७३ | १२४७२.० | १०.३ | १२.२ | २.० | २१.१ |
| चितवन | २९९१३३ | २९९५३ | ६०४१२ | ३०३८.० | १४.० | ४.५ | ४१.४ | ५.१ |
| **जम्मा** | **२१४१५९५** | **६६०२४०** | **१४६०६२** | **५९११४.०** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

खाद्य तथा अन्य बालीको उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१४.० प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (२.७ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१५.८ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ। यसैगरी, फलफूल बालीको उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (४१.४ प्रतिशत) रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ। मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२४.६ प्रतिशत) रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा नगन्य रहेको छ (तालिका ३.२)।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन २.३ प्रतिशत, मासु उत्पादन १.६ प्रतिशत र अण्डा उत्पादन ०.२ र छाला उत्पादन ०.६ प्रतिशतले बढेको छ भने ऊन उत्पादन ७.२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन २.३ प्रतिशत, मासु उत्पादन ४.८ प्रतिशत र छाला उत्पादन ३१.० प्रतिशतले बढेको थियो भने अण्डा उत्पादन २०.६ प्रतिशत र ऊन उत्पादन १५.३ प्रतिशतले घटेको थियो।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन २.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन ०.४ प्रतिशतले घटेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ६९.७ प्रतिशतले बढेको छ भने दाउरा र औषधीजन्य उत्पादन क्रमशः ५२.४ र ६४.८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा दाउरा उत्पादन १४६.१ प्रतिशतले वृद्धि भएको थियो भने काठ र औषधीजन्य वस्तुको उत्पादन क्रमशः २२.८ प्रतिशत र ३०.५ प्रतिशतले कमि भएको थियो।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| दोलखा | १२९००.० | २५६१.० | ४२७७.० | ८.० | १.२ | ५.१ | १.४ | ०.३ |
| सिन्धुपाल्चोक | १३१९०.० | २६९६.० | २६१२.० | १५.० | १.२ | ५.३ | ०.८ | ०.६ |
| रसुवा | ५२१३.० | ८०५.० | १३०.० | ५.० | ०.५ | १.६ | ०.० | ०.२ |
| धादिङ्ग | २०५३६.० | ६४६६.० | २१९५०.० | ३२.१ | १.९ | १२.८ | ७.१ | १.२ |
| नुवाकोट | १३६४१.० | ७२५९.० | १९४५.० | ४४.० | १.३ | १४.३ | ०.६ | १.७ |
| काठमाडौं | २७५४२.४ | १११३.२ | २९४८८.६ | १७.१ | २.६ | २.२ | ९.५ | ०.६ |
| भक्तपुर | १२९९५.८ | ९५९.७ | ५३४४.४ | ३०.१ | १.२ | १.९ | १.७ | १.१ |
| ललितपुर | ५६०१२.३ | ८१९.८ | ४९१०५.८ | १८.३ | ५.३ | १.६ | १५.८ | ०.७ |
| काभ्रेपलाञ्चोक | ७७७४७२.० | ५७५५.३ | १२९९२.० | ४६.१ | ७३.४ | ११.४ | ४.२ | १.७ |
| रामेछाप | २०५२४.० | ४११६.० | २८६२.६ | १५.२ | १.९ | ८.१ | ०.९ | ०.६ |
| सिन्धुली | २०४९५.२ | ५४८१.९ | ११९५.१ | २६.० | १.९ | १०.८ | ०.४ | १.० |
| मकवानपुर | २९१६०.० | ३४७९.० | ६६५६.० | २०.० | २.८ | ६.९ | २.१ | ०.८ |
| चितवन | ५००५२.९ | ९१३८.७ | १७१२७१.८ | २३६५.४ | ४.७ | १८.० | ५५.३ | ८९.५ |
| **जम्मा** | **१०५९७३४.६** | **५०६५०.५** | **३०९८३०.३** | **२६४२.२** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |


*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु।*

काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (७३.४ प्रतिशत) दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (०.५ प्रतिशत) दूध उत्पादन भएको छ। मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१८.० प्रतिशत) र रसुवा र ललितपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.६ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (५५.३ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.०४ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८९.५ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ (तालिका ३.३)।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफल ५ लाख ६७ हजार ७ सय २१ हेक्टर मध्ये कुल ४ लाख २६ हजार १ सय ७१ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। साथै, कुल १ लाख २३ हजार २ सय ९९ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ। यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा २८.९ प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ।

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.९ प्रतिशत बढेको छ। गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल ३.६ प्रतिशतले बढेको थियो।




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय।*

### बक्स १: दोलखाको जिरीमा किवी खेतीको सम्भावना र चुनौतिहरु



*तस्विर स्रोत : सञ्चालक श्री नेत्रबहादुर खड्काद्वारा उपलब्ध गराइएको ।*

दोलखा जिल्लाको जिरी नगरपालिका वडा नं. ६ मा रहेको एग्रिकल्चर एण्ड लाइभस्टक गुड्स प्रडक्सन प्रोसेसिङ एण्ड मार्केटिङ कं.लि. (*Agriculture and Livestock goods production processing and Marketing)* किवी खेतीको राम्रो उदाहरणको रुपमा देखिन्छ । प्रोप्राइटर श्री नेत्र बहादुर खड्काले २०६९ सालमा यस कम्पनी दर्ता गरी किवी खेती गर्दै आएका छन् । शुरुमा भुकम्प अगाडि जम्मा ७ (३ बोट भाले र ४ बोट पोथी) बोट रोपेर किवी खेति शुरुवात गरिएको थियो । जिरी नगरपालिकामा यस्ता स्केलका किवी फर्म करिब १० वटा सञ्चालनमा रहेका छन् । अर्गानिक जिरी बनाउने नगरपालिकाको योजना बमोजिम हालसम्म यस फर्मले प्राङ्गारिक मलमात्र प्रयोग गर्दै आइरहेको छ । किवी खेती गर्दै आएका खड्काले केही वर्ष अगाडी भीमेश्वर नगरपालिका चरिकोटले आयोजना गरेको किवी खेतीसम्बन्धी तालिम प्राप्त गरेका थिए । हाल ९० रोपनी जग्गामा फैलिएको यस फर्मको करीब ९०० वटा विरुवाहरु रहेका छन् । यस फर्मले अघिल्लो वर्ष करिब ८०० के.जी. किवी उत्पादन गरेकोमा हालको उत्पादन क्षमता १२००-१६०० के.जी. रहेको छ । अघिल्लो वर्ष चिस्यान गर्ने मेसिन नहुनाले ठूलो मात्रामा फल कुहिएर खेर गएकोले कृषकहरु समस्यामा रहेका छन् । हाल किवी जोन दोलखा कार्यक्रमले ८० प्रतिशत अनुदानमा उपलब्ध गराएको कोल्डस्टोरमा यस पटकको उत्पादनलाई स्टोर गर्ने गरिएको छ । मौसममा गोडमेलका लागि ३० जना, टिप्नका लागि ५ जना, मलखाद व्यवस्थापनका लागि ३० जना गरी जम्मा ६५ जना कामदारलाई यस फर्मले रोजगारी प्रदान गराउँदै आएको छ । व्यवसायी खड्काका अनुसार जिल्लाका विभिन्न कार्यक्रमबाट प्राप्त अनुदानका अलावा हालसम्म यस फर्मको लगानी करिब रु.६० लाख रुपैयाँ रहेको छ । आगामी दिनमा थप भु-भागमा सिंचाई र थाङ्ग्राको व्यवस्था गरी खेती विस्तार गर्ने खड्काको योजना रहेको छ ।

**चुनौतिहरुः**

- उत्पादित फलको बजार निश्चित नहुँदा नोक्सानी बेहोर्नुपर्ने जोखिम ।
- किवीको उत्पादन भई तयार हुने मौसम कात्तिकमा बजारमा आपुर्ती धेरै हुने हुँदा उपयुक्त मूल्य नपाउने जोखिम हुनाका साथै सोको खपत नभएको अवस्थामा चिस्यान गराई राख्ने यथेष्ट पुर्वाधार नहुनाले फल बिग्रिने जोखिम ।
- कृषकहरुलाई पर्याप्त तालिम, प्राविधिक ज्ञान र सुलभ वित्तीय स्रोतको उपलब्धता नहुनु ।
- समय-समयमा देखापर्ने रोगहरुको नियन्त्रणका लागि औषधि तथा प्राविधिकको अभाव ।
- भिरालो जग्गामा खेतिका लागि पर्याप्त सिंचाईको उपलब्धता नहुनु ।

**सम्भावनाः**

- उपभोक्ताहरुको क्रयशक्ति वृद्धि हुँदै गएकाले क्रमिक रुपमा फलफूलको खपत बढ्दै गएको ।
- स्वास्थोपयोगी फलहरुको खपत बढ्दै जानु ।
- किवीबाट वाइन, जुसलगायतको उत्पादन हुने हुनाले सो प्रति आकर्षण बढ्दै जानु ।
- छिटो, छरितो र छोटो समयमा किवी खेतीबाट आम्दानी हुने गरेको ।
- १२०० देखि २४०० मिटर उचाईसम्म किवीको राम्रो उत्पादन हुने हुँदा नेपालको पहाडी भु-भागमा किवी उत्पादनको प्रचुर सम्भावना रहेको ।

*स्रोतः स्थलगत सर्वेक्षण*

## बक्स २: नुवाकोटको किस्पाङ्गमा सिताके च्याऊ फर्म

नुवाकोट जिल्लाको किस्पाङ्ग गाउँपालिका वडा नं. ३ मा रहेको किस्पाङ्ग ग्रिनहाउस एग्रिकल्चर फार्म प्रा.लि. नेपालको सिताके च्याऊ खेतीको राम्रो उदाहरणको रुपमा देखिन्छ । सञ्चालक श्री राहुल लामाले २०७२ सालमा यस फर्मको स्थापना गरी ७ रोपनी क्षेत्रफलमा सिताके च्याऊ खेती गर्दै आएका छन् । सिताके च्याऊ पौष्टिकतामा भरिपुरहुनुका साथै यसमा शरिरलाई आवश्यक पर्ने प्रोटिन, मिनिरल्स (पोटासियम, मेङगानिज, मेग्नेसियम, आइरन तथा फोसफोरस), भिटामिन्स (प्रो भिटामिन डि-२, बि-१,२,१२ आदि) र फ्याट्टि लिभर बढ्न नदिने पोषण तत्वको मात्रा पर्याप्त रुपमा रहेकोले यसको बजार माग बढ्दो क्रममा रहेको छ । स्वास्थ्यको दृष्टीकोणले पनि निकै राम्रो मानिने हुनाले नेपालका विभिन्न जिल्लादेखि लिएर भारतबाट समेत यो च्याऊको माग बढिरहेको छ ।





*तस्विर स्रोत : सञ्चालक श्री राहुल लामाद्धारा उपलब्ध गराइएको ।*

२०७२ सालमा परम्परागत तरिकाले सिताके च्याऊको खेती गर्दै आएका लामाले २०७७ सालमा चीनबाट सिताके च्याऊ खेती सम्बन्धी १६ दिने व्यवसायिक तथा आधुनिक तालिम लिएर आए पश्चात् नेपालमै आधुनिक प्रविधिबाट सिताके च्याऊको खेती गर्ने योजना सहित उत्पादनका लागि आवश्यक आधुनिक प्रविधि समेत चीनबाटै खरिद गरी २०७७ सालबाट सिताके च्याऊको आधुनिक कृषि खेतीको शुरुवात गरेका थिए । एकल सञ्चालक रहेका लामाले रु.१ करोड ५० लाखको प्रारम्भिक चुक्ता पुँजीमा यस व्यवसाय शुरु गरेका थिए । सो रकम जुटाउन उनले बाणिज्य बैंकबाट करिव रु.२५ लाख कृषि सहुलियत कर्जा तथा व्यवसायकै क्रममा कृषि ज्ञान केन्द्रबाट रु.१० लाखको कृषि अनुदान रकम पनि प्राप्त गरेका छन् । लगानीको ठूलो हिस्सा भने टनेल, ग्रिनहाउस निर्माण तथा प्रविधि खरिदका लागि प्रयोग गरिएको थियो । सिताके च्याऊको खेती गर्न १४ देखि १९ डिग्रीको तापक्रम उपयुक्त रहने भएकाले लामाले उक्त तापक्रम कायम गर्न रु.२५ लाखको एयर कन्डिसनरको व्यवस्था गरेका छन् । च्याऊ उत्पादन तथा प्रवर्द्धनका लागि थप रु.२ देखि ३ करोड सम्मको लागत आवश्यक रहेको व्यवसायी लामाले जानकारी दिनुभयो ।

सञ्चालक लामाले व्यवसाय शुरु गरेको एक वर्षमा नै करिव २ टनसम्मको सिताके च्याऊको उत्पादन गरी रु.१२ लाखको कारोवार गरेका थिए । आवश्यक पोषण तत्वसहितको गुणस्तरीय सिताके च्याऊको खेतीको लागि नेपाली भूमी अत्यन्तै राम्रो मानिएकाले भारतबाट करिव ५ टनसम्मको नेपाली सिताके च्याऊको माग आउने गरेता पनि सो माग पूर्ति गर्न नेपाली कृषकहरु असक्षम रहेको व्यवसायीले जानकारी गराए । नेपालमा सिताके च्याऊको आधुनिक खेती तथा सोको उचित प्रवर्द्धनका लागि प्रविधिको प्रयोग अत्यन्तै जरुरी रहेको र सो प्रविधि खरिद गर्न पर्याप्त लगानीको श्रोत सुनिश्चित गर्न चुनौती रहेको छ । सिताके च्याऊको खेतीका लागि उपयुक्त मानिने उतिस र कटुसको एउटै मुढाको तौल करिव १०० के.जी हुने गरेको तथा उत्पादनका क्रममा मुढालाई ओसारपसार गर्दा शारिरिक बल पर्ने गरेको छ । प्रविधिमा आधारित नहुँदा शारिरीक बल पर्ने भएकोले सो कार्यमा संलग्न हुन बजारमा उपलब्ध जनशक्ति इच्छुक नदेखिएको समस्या समेत रहेको छ ।

सिताके च्याऊको आधुनिक प्रविधियुक्त खेती गर्न, सोको प्रवर्द्धन तथा व्यवस्थापन गरी उचित बजारीकरण गर्न नेपाल सरकार तथा सरकारी निकायहरु जस्तै कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र लगायतका संस्थाहरुले आवश्यक सहुलियत, भण्डारण तथा बजारको व्यवस्था सुनिश्चित गरी बैंक तथा वित्तीय संस्थाले कृषि लगानीमा सहुलियत प्रदान गरेमा नेपालमा आधुनिक कृषिको भविष्य रहेको उनी बताउँछन् ।

*स्रोत: स्थलगत सर्वेक्षण*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.२ प्रतिशतले कमी भई रु.१ खर्ब १६ अर्ब २० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १९.८ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ४.३ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश ४७.३ प्रतिशत, चितवन जिल्लाको अंश २६.६ प्रतिशत, मकवानपुर जिल्लाको अंश ५.१ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ४.८ प्रतिशत, ललितपुर जिल्लाको अंश ३.३ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.२ प्रतिशत, धादिङ जिल्लाको अंश ३.० प्रतिशत, भक्तपुर जिल्लाको अंश २.४ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.७ प्रतिशत, सिन्धुपाल्चोक जिल्लाको अंश १.० प्रतिशत, दोलखा जिल्लाको अंश ०.६ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.५ प्रतिशत र रसुवा जिल्लाको अंश ०.५ प्रतिशत रहेको छ (तालिका ३.४) । बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालयहरुको कर्जा प्रवाह गर्ने सीमा तोकिए बमोजिम हुने भएकाले सो भन्दा बढी रकमको कर्जा केन्द्रीकृत रुपमा काठमाडौं अवस्थित सोही संस्थाका केन्द्रीय कार्यालयबाट प्रवाह हुँदा काठमाडौं जिल्लाको अंश केही बढी रहेको देखिएको छ ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ६४२.७५ | ०.६ |
| सिन्धुपाल्चोक | ११२३.२४ | १.० |
| रसुवा | ५९१.३९ | ०.५ |
| धादिङ्ग | ३५१३.०४ | ३.० |
| नुवाकोट | ३७६२.५६ | ३.२ |
| काठमाडौं | ५४९४९.९० | ४७.३ |
| भक्तपुर | २७९९.३५ | २.४ |
| ललितपुर | ३८६५.८५ | ३.३ |
| काभ्रेपलाञ्चोक | ५५२०.३२ | ४.८ |
| रामेछाप | ५८७.४४ | ०.५ |
| सिन्धुली | १९९१.०४ | १.७ |
| मकवानपुर | ५९३०.६८ | ५.१ |
| चितवन | ३०९२३.१५ | २६.६ |
| **जम्मा** | **११६२००.७२** | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

समीक्षा अवधिमा यस प्रदेशका कृषि क्षेत्रसँग सम्बन्धित चुनौतीहरु देहाय बमोजिम रहेका छन् ।

- शहर केन्द्रीत बसाईसराँईले पहाडी जिल्लाहरुका खेतीयोग्य जमिनहरु बाँझो भई रैथाने बालीहरुको उत्पादनमा ह्रास आईरहेको सन्दर्भमा स्थानिय जातका बालीहरुको बिउबिजनमा आत्मनिर्भर हुन चुनौती रहेको छ ।
- नेपालमा जैविक कृषिको प्रचुर संभावना भएतापनि समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने आवश्यकता तथा रासायानिक मल प्रतिको बढ्दो परनिर्भरताले जैविक कृषि उत्पादनमा उल्लेख्य सुधार ल्याउन कठिन हुने देखिन्छ ।
- निजी क्षेत्रलाई कृषितर्फ आकर्षित गरि कृषि संरचना तथा बजारीकरणमा उल्लेख्य सुधार ल्याउन सकिने भएतापनि अधिकतम कृषि लागत, न्यून मुनाफा, बिचौलियाहरुको बढ्दो प्रभाव, कृषि बिमाको सहज पहुँच

तथा सचेतनाको अभाब, उत्पादित कृषि उपजको न्युनतम समर्थन मूल्यको अभाब, युवाहरुको वैदेशिक रोजगारीमा बढ्दो आकर्षण लगायतका कारणले निजी क्षेत्रलाई कृषितर्फ आकर्षित गर्न चुनौतीपूर्ण रहेको देखिन्छ ।

- समयमै यथार्थपरक मौसम पुर्वानुमान हुन नसक्नु तथा यस सम्बन्धी प्रभावकारी सूचना सम्प्रेषण हुन नसकेकोले कृषि उपजलाई समयमानै भण्डारण तथा बजारीकरण गर्ने कार्यमा चुनौति रहेको ।
- पोल्ट्री व्यवसायमा उच्च लागतका कारण कुखुरा तथा चल्ला उत्पादनमा ह्रास आएकोले उत्पादनको उचित मूल्य प्रदान गरी व्यवसायलाई पुर्नस्थापित गर्नु ।
- उन्नत बीउको प्रयोग, बीउको उचित भण्डारण, समयमै बालीको संरक्षणको काम हुनु तथा आवश्यक प्राविधिक सहयोग समयमै पुऱ्याउनु ।
- आयात गरिएको तरकारी तथा फलफूलको विषादी परिक्षणलाई विस्तारित र नियमित गरी गुणस्तरीय र रसायनमुक्त तरकारी तथा फलफूल उपलब्ध गराउनु ।
- जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि चक्र परिवर्तन गर्न थालेको परिप्रेक्ष्यमा यस्तो असरलाई नियन्त्रण गर्न रैथाने बीउबिजनको सुरक्षा र प्रयोग बढाउनु ।
- पशु तथा बालीनालीमा लाग्ने जुनोटिक तथा महामारी रोगको व्यवस्थापन गर्न प्राविधिक जनशक्ति, औषधि भ्याक्सिन तथा कृषकसँग समन्वय गर्ने संयन्त्र नहुनु ।
- जंगल नजिकका क्षेत्रहरुमा वन्यजन्तुबाट समय समयमा कृषिबाली तथा घरायसी पशुलाई क्षति पुग्ने भएकोले जनावरहरुलाई जंगलमै टिकाउन जंगल भित्रै आहारयुक्त विरुवा रोप्ने साथै उचित राहतको व्यवस्था गर्ने ।
- कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायहरुको स्रोत र साधनको व्यवस्थापन गरी एकद्वार प्रणालीमार्फत् तथ्याङ्क उपलब्ध गर्न आवश्यक सफ्टवेयर तथा संयन्त्र विकास गर्नुका साथै आवश्यकता अनुसारको कृषि तथा भेटरिनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु ।
- माटो सुहाँउदो बाली खेतीका लागि माटोको जाँच गरी जमिनको वर्गीकरण तथा चक्लाबन्दी, माटोको प्रकार अनुसारको मल तथा बीउबिजन र आवश्यकता अनुसार प्राविधिक सहयोग पुऱ्याएर जमिनको उत्पादकत्व वृद्धि गर्नु ।
- कृषि पूर्वाधारको विकास, कृषि तथा भेटनरी प्राविधिकको सहज उपलब्धता एवम् कृषकदेखि उपभोक्तासम्मको आपूर्ति श्रृंखलालाई प्रभावकारी बनाउनु ।

### ३.६.२ सम्भावना

समीक्षा अवधिमा कृषि क्षेत्रसँग सम्बन्धित यस प्रदेशका सम्भावनाहरु देहाय बमोजिम रहेका छन् ।


- हाल दुधको उत्पादनमा वृद्धि भई काभ्रे, चितवन लगायतका जिल्लाहरुमा Milk Holiday समेत भईरहेको सन्दर्भमा घरायसी, सरकारी तथा गैरसरकारी संस्थाहरुमा कम्तिमा हल्का पेयपदार्थको सट्टामा दुग्धजन्य पेयपदार्थ उपभोगमा जोड दिन सकिएमा स्थानिय स्तरमानै उत्पादित दुधले बजार पाउनाको साथै यस पेशाप्रति युवाहरु समेत आकर्षित हुने संभावना देखिन्छ ।
- पहाडी जिल्लाहरुमा मुख्यतया तरकारी तथा फलफुल खेतीको सम्भावना रहेको परिप्रेक्ष्यमा हरेक स्थानिय स्तरले शीत भण्डारको निर्माण गरी बजारीकरण गर्न सकेमा फलफूल तथा तरकारीको उत्पादनलाई वृद्धि गराउन सकिने सम्भावना रहेको ।

- रामेछाप, सिन्धुली लगायतका जिल्लामा स्क्रिन घरको प्रयोग, औंसा किराको व्यवस्थापन, बोर्डो मिश्रणको प्रयोग, पुराना बँगैचाको काँटछाँट तथा मल सिँचाइ व्यवस्थापन लगायतका कार्यमा कृषकको क्षमता वृद्धि गर्न सके सुन्तलाजातका विरुवाको आयु बढाउन तथा उत्पादकत्व वृद्धि गर्न सकिने सम्भावना रहेको ।
- ठूला तरकारी बजारमा किसानहरुका लागि होल्डिङ यार्डको व्यवस्था गर्ने र व्यवस्था भएको बजारमा सोको प्रभावकारी कार्यान्वयन गर्न सके उत्पादित तरकारीको सोझै बिक्रीबाट कृषकले उचित मूल्य पाउने सम्भावना रहेको ।
- कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरुमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा स्वदेश तथा अन्तर्राष्ट्रिय जगतमा Superfood को रुपमा बजारीकरण गर्न सकिने सम्भावना रहेको ।
- काठमाडौ उपत्यका लगायतका ठूला शहरहरुमा होटल, रेष्टुरेन्ट, पार्टीप्यालेस लगायतका स्थानमा सजावटका लागि ठूलो मात्रामा फूलको माग हुने तर आपुर्तिका लागि भारतबाट आयात गर्नुपर्ने भएकोले यस प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, धादिङ, मकवानपुर लगायतका जिल्लामा पुष्प खेतीको उच्च सम्भावना रहेको ।
- प्रदेशमा उत्पादित मकैलाई दाना उद्योगको कच्चा पदार्थको रुपमा उपलब्ध गराउन उत्पादन र आपूर्ति करार (Production and Supply Contract) लाई प्रभावकारी गर्न सकेमा मकैको आयात न्यूनीकरण गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४५.६ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा नमूना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४७.० प्रतिशत रहेको थियो। जलविद्युत उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९७ प्रतिशत क्षमता उपयोग गरेको पाईएको छ भने अन्य रासायनिक पदार्थ अन्तर्गत Ointment को उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ९.९५ प्रतिशत रहेको छ।




समीक्षा अवधिमा अध्ययनले समेटेका यस प्रदेशका उद्योगमध्ये पशुदानाको उत्पादन १९.९ प्रतिशत, पश्मिना उत्पादन ६.६ प्रतिशत, अन्य रासायनिक पदार्थ अन्तरगत Tablet उत्पादन ९.३ प्रतिशत, Capsule उत्पादन ६.३ प्रतिशत, Ointment उत्पादन १७.७ प्रतिशत, Liquid उत्पादन ०.६ प्रतिशत र कपडाको जुत्ता उत्पादन १७.४ प्रतिशतले बढेको छ। त्यसैगरी प्रशोधित दुधको उत्पादन ९.६ प्रतिशत, चाउचाउ उत्पादन ७.७ प्रतिशत, वियर उत्पादन २३.३ प्रतिशत, हल्का पेय पदार्थको उत्पादन ७.३ प्रतिशत, चुरोटको उत्पादन १७.५ प्रतिशत, गार्मेण्ट उत्पादन ४.० प्रतिशत, रंगको उत्पादन १५.५ प्रतिशत, Dry Syrup उत्पादन २६.१ प्रतिशत, सिमेन्ट उत्पादन ०.९, ट्रान्सफर्मर उत्पादन ३४.५ प्रतिशत र विजुलीको उत्पादन ०.९ प्रतिशतले घटेको छ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा


समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशको औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ७.८ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ७३ अर्ब ५७ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.२ प्रतिशतले घटेर रु.९ खर्ब २ अर्ब ८८ करोड पुगेको थियो। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३६.०७ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.८ खर्ब ८८ अर्ब ५० करोड (९१.२६ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम करिब रु.१५ करोड कर्जा (०.०२ प्रतिशत) लगानी रहेको छ।

**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ९३४.६६ | ०.१० |
| सिन्धुपाल्चोक | ४८२.५६ | ०.०५ |
| रसुवा | १४९.९४ | ०.०२ |
| धादिङ | १,७६८.३७ | ०.१८ |
| नुवाकोट | १,१९६.४३ | ०.१२ |
| काठमाडौं | ८८८,५०२.९५ | ९१.२६ |
| भक्तपुर | ५,८२१.४७ | ०.६० |
| ललितपुर | २६,६०७.२८ | २.७३ |
| काभ्रेपलाञ्चोक | ४,५७२.३६ | ०.४७ |
| रामेछाप | ४१४.११ | ०.०४ |
| सिन्धुली | १,२६६.७० | ०.१३ |
| मकवानपुर | ११,६८०.४५ | १.२० |
| चितवन | ३०,१६८.९४ | ३.१० |
| जम्मा | ९७३,५६६.२२ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (२१.६७ प्रतिशतले) वृद्धि भएको छ भने सबैभन्दा कम निर्माण उद्योगमा (१.७६ प्रतिशतले) वृद्धि भएको छ । यसैगरी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा २.९७ प्रतिशतले र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ५.६५ प्रतिशतले कर्जा बढेको छ भने खानी सम्बन्धी उद्योगमा ३७.७५ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ८.८४ प्रतिशतले कर्जा घटेको छ ।




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

**बक्स ३ : शुभारम्भ डेरी एण्ड एग्रोभेट रिसर्च प्रा.ली.**

बनेपा-८, काभ्रे जिल्लामा अवस्थित शुभारम्भ डेरी एण्ड एग्रोभेट रिसर्च प्रा.लि.मा मिति २०८० फाल्गुण ३० गते स्थलगत सर्वेक्षण गरिएको थियो । वि.सं. २०७३ सालबाट संचालनमा आएको यो डेरी उद्योगले हाल करिब ४० जना कर्मचारीहरुलाई प्रत्यक्ष रोजगारी दिईरहेको छ भने करिब १५०० स्थानिय किसानहरु तथा दुग्ध सहकारीहरुबाट दैनिक करिब १५ हजार लिटर दुध संकलन गरी काभ्रे र काठमाण्डौ उपत्यकालाई आफ्नो मुख्य बजारको रुपमा स्थापित गर्न सफल भएको छ । मुख्यतया यस उद्योगले कृषकहरुबाट दुध संकलन गरी दुध, दहि, घ्यू , बटर, पनिर, खुवाजस्ता दुग्धजन्य खाद्य बस्तुहरु उत्पादन गर्दै आईरहेको छ ।




**समस्या तथा सुझावहरु**

- सरकारले कृषि तथा कृषिजन्य उत्पादनमा आयकर छुटको व्यवस्था गरेतापनी कृषि तथा कृषिजन्य उत्पादनहरुलाई ऐनमा स्पष्ट रुपमा परिभाषित नगरिएकाले आन्तरिक राजश्व विभागबाट हालसम्म उक्त छुटहरु प्राप्त हुन नसकेको ।
- स्थानीय डेरी उत्पादनहरु जस्तै घ्यू, बटर, पनिर जस्ता दुग्धजन्य खाद्य बस्तुहरुमा १३ प्रतिशत मूल्य अभिबृद्धि कर लगाउनाले डेरी उद्योग तथा कृषि उत्पादनको मूल्यमा समेत वृद्धि हुने हुँदा आयातित बस्तुहरुसँग प्रतिस्पर्धा गर्न कठिन भएको तसर्थ स्थानीय डेरी उत्पादनहरुमा लगाईएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर हटाउनुपर्ने ।
- डेरी तथा कृषि उद्योगहरुले खपत गर्ने बिद्युत शुल्कमा पुर्ण छुटको ब्यवस्था गर्नुपर्ने ।

**सम्भावनाहरु**

- किसानहरुलाई सरकारले आवश्यक प्रविधि, तालिम, उन्नत जातका गाई भैंसी तथा उत्पादित दुधको उचित समर्थन मूल्य प्रदान गरेमा काभ्रे जिल्ला दुध उत्पादनको हवको रुपमा विकास गर्न सकिने ।
- किसानलाई दिनुपर्ने बक्यौता रकम समयमानै उपलब्ध गराई बिचौलियाको अन्त्य गर्न सकेमा धेरै संख्यामा रहेका पशुपालक किसान तथा डेरी उद्योगीहरु लाभान्वित हुने र आफ्नो उद्यम व्यवसायलाई निरन्तरता दिनसक्ने वातावरणको सिर्जना हुने ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

समीक्षा अवधिमा यस प्रदेशमा उद्योगहरुका चुनौती र सम्भावनाहरु देहायबमोजिम रहेका छन् ।

### ४.३.१ चुनौती

बागमती प्रदेश अन्तर्गतको औद्योगिक क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन् ।

- वैदेशिक रोजगारी तथा वैदेशिक शिक्षाका लागि विदेश जाने युवाहरुको संख्या उल्लेख्य रहेकोले दक्ष तथा अर्ध-दक्ष जनशक्तिको अभाव हुनु ।
- सरकारी खर्च समयमा नहुनु, विदेश पलायन हुने युवाहरुको संख्या उल्लेख्य रहनु, आर्थिक गतिविधि अपेक्षाकृत रुपमा चलायमान हुन नसक्नु लगायतका कारणबाट समष्टिगत मागमा कमी अउनाले उद्योगहरुको क्षमता उपयोग बढ्न नसक्नु ।

- रुस युक्रेन युद्ध तथा मध्य पूर्व क्षेत्रमा चलिरहेको द्वन्दका कारण पेट्रोलियम पदार्थमा भएको मुल्य वृद्धिले कच्चा पदार्थ लगायत उत्पादित वस्तुहरुको ढुवानी खर्च वृद्धि भई उद्योगको समग्र लागतमा वृद्धि हुनु ।
- औषधिजन्य तथा अन्य उद्योगहरुबाट सिर्जित फोहोर तथा पानी व्यवस्थापन गर्नु ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेकोले त्यस क्षेत्रका जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नुका साथै बेरोजगारहरुलाई विभिन्न रोजगारीमुलक तथा सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगार बनाउनु ।
- जडीबुटी उद्योगले उत्पादन गरेका वस्तुहरु प्रशोधन र भण्डारण गर्ने प्राविधिक यन्त्रहरु नभएकाले यस्ता उद्योगको उत्पादन खरिद गर्ने सुनिश्चितता गर्नु ।
- बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जाको व्याजदर घटीरहेको अवस्थामा स्थानिय स्रोत र साधनको प्रयोग गर्ने साना तथा मझौला उद्योगहरुलाई कर्जा प्रवाह गर्नु ।

### ४.३.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको समीक्षा अवधिमा औद्योगिक क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु पहिचान भएका छन् ।

- व्याजदर घटिरहेको अवस्थामा उद्योग व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपभोग गर्ने वातावरण सृजना गर्दै व्यवसायीहरुको मनोबल वृद्धि गर्न सरकारले बजेटमार्फत् सहजीकरण गरेमा औद्योगिक उत्पादन बढ्न सक्ने ।
- विदेशबाट फर्किएका नेपालीहरुले संचालन गर्न खोजेका उद्योगहरुलाई आर्थिक/प्राविधिक सिपमुलक तालिमको व्यवस्था गर्न सकेमा उद्योगीको मनोबल वृद्धि गर्ने सकिने ।
- सरकारले समयमा नै पर्याप्त पुँजीगत खर्च गर्न सकेमा फलाम, सिमेन्ट, इट्टा लगायतका निर्माण सम्बन्धी उद्योगहरुको कारोवार बढ्न सक्ने ।
- कागज, प्लाष्टिक, व्याट्रिको लिड, फलाम लगायतका स्कायाप संकलन गरी व्यवस्थापन गर्ने तथा त्यस्ता स्कायापलाई कच्चा पदार्थ बनाई उत्पादन गर्ने उद्योगलाई ग्रिन उद्योगको मान्यता दिई स्थापना तथा स्थानीय करमा सहुलियत दिन सके यस्ता उद्योग स्थापना गर्न प्रोत्साहन हुनुका साथै शहरी फोहोर व्यवस्थापनमा सहज हुने सम्भावना रहेको ।
- यस प्रदेशमा हिमाली भेगको पानी प्रशोधन गरी प्याक गर्ने मिनरल वाटरका थप उद्योग स्थापना गरी विदेशी मुलुकहरुमा ब्रान्डिङ गरी मिनरल वाटर निर्यात गर्न सकिने ।
- यस प्रदेशमा कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकोले मासुजन्य उत्पादन, दुधजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुट्टी प्रशोधन लगायतका साना तथा मझौला उद्योगहरु स्थापना गर्न सकिने सम्भावना रहेको ।
- डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न सकिने ।
- विद्युत उत्पादन बढिरहेको अवस्थामा विद्युतमा आधारित उद्योगहरु जस्तैः रासायनिक मल, खानीजन्य उद्योग, सिमेन्ट उद्योगहरुको उच्च सम्भावना रहेको ।

# परिच्छेद ५ : सेवा क्षेत्र


सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ ।

## ५.१ पर्यटन

२०८० साउन देखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ५०.६ प्रतिशत रहेको छ । २०७९ साउन देखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको अकुपेन्सी औसतमा ३१.७ प्रतिशत रहेको थियो । २०८० साउनमा ३५.७ प्रतिशत रहेको अकुपेन्सी २०८० पुसमा ४३.२ प्रतिशत पुगेको छ । गत आर्थिक वर्ष २०७९ साउनमा २२.४ प्रतिशत रहेको अकुपेन्सी २०७९ पुसमा ३५.५ प्रतिशत पुगेको थियो (चार्ट ६) । पछिल्लो समय विश्व अर्थतन्त्रमा सुधार हुँदै गएकोले विदेशी पर्यटक आगमन बढ्दै गएको र आन्तरिक पर्यटकहरूमा समेत वृद्धि भएकाले होटल, रेष्टुरेन्ट तथा ट्रेकिङ लगायतका पर्यटकीय गतिविधिहरू क्रमशः बढ्दै गएका छन् । यद्यपी, भदौ देखि कात्तिक महिना पर्यटन आगमनका हिसाबले अनुकूल समय भएतापनि अन्तर्राष्ट्रिय स्तरमा उच्च मुद्रास्फीति नियन्त्रण गर्न अवलम्बन गरिएको कसिलो मौद्रिक नीति तथा रुस-युक्रेन युद्ध लगायत पछिल्लो समय मध्य पूर्व क्षेत्रमा देखिएका द्वन्दका कारण सुस्ताएको विश्व अर्थतन्त्र तथा समष्टिगत माग विस्तारमा आएको कमीले होटलहरुको औसत अकुपेन्सीमा उल्लेख्य सुधार भएको देखिदैन ।

२०८० पुस मसान्तसम्म नेपाल भरी कुल १६ वटा पाँचतारे होटलहरु संचालन रहेकोमा उपत्यका भित्र १० वटा पाँचतारे होटलहरु संचालनमा रहेका छन् ।

### बक्स-४ : आन्तरिक तथा वाह्य पर्यटनको प्रचुर संम्भावना रहेको कालिन्चोक क्षेत्र




धार्मिक तथा पर्यटकीय महत्वको कालिन्चोक, दोलखा जिल्लाको कालिन्चोक गाउँपालिकामा रहेको छ । समुन्द्र सतहवाट ३८४२ मिटरको उचाईमा रहेको यो धार्मिक तथा पर्यटकीय स्थल गौरीशंकर संरक्षण क्षेत्रभित्र रहेको छ । गौरीशंकर संरक्षण क्षेत्र नेपालको प्रसिद्ध नदी सुनकोशी र तामाकोशीको उद्गमस्थल समेत रहेको छ । यस स्थानबाट जुगल, अन्नपूर्ण शृङ्खला, गौरीशंकर र सगरमाथाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । साथै बहुरंगी लालिगुराँसको जंगल, चराचुरुङ्गी र अनेक प्रजातीका जनावरहरू समेत यस ठाउँका मुख्य आकर्षण हुन् । हिन्दु धर्मावलम्बीका अनुसार कालिन्चोक भगवतीले श्रद्धालु भक्तजनहरुको मनोकामना पुरा गरिदिने धार्मिक विश्वास रहेको छ ।

यस क्षेत्रमा पुग्नका लागि काठमाडौंबाट अरनिको राजमार्ग अन्तर्गत सिन्धुपाल्चोकको खाडीचउर हुँदै दोलखाको चरीकोटसम्म करिब १३२ कि.मी. को दुरी सार्वजनिक तथा निजी सवारी साधन प्रयोग गरी पुग्न सकिन्छ  भने चरिकोटबाट कालिन्चोकसम्मको १८ कि.मी. कच्ची सडक सार्वजनिक साधन मार्फत् दोलखाको कुरी पुग्न सकिन्छ । कुरी बजारमा खाना तथा बसोवासका लागि होटल तथा लजहरुको प्रवन्ध रहेको छ । भोलिपल्ट बिहान सबेरै डेढ घण्टाको पदयात्रा वा  केबलकार बाट कालिञ्चोक मन्दिर पुगिन्छ । साथै, यो स्थान पदयात्राका लागि समेत प्रख्यात छ जहाँ पदयात्रीहरूले चरिकोटबाट समुन्द्री सतहबाट ३२०० मिटरको उचाइमा रहेको कुरी बजारसम्मको दुरी करिब पाँच घण्टामा पार गर्न सक्छन । पुष महिनादेखि फागुन महिनासम्म चिसो हुने भएतापनि यस स्थानमा बाह्रै महिना भ्रमण गर्न सकिन्छ ।

पर्यटनका अलावा यस क्षेत्रमा पशुपालन तथा जडिबुटी व्यवसायको प्रचुर सम्भावना रहेको छ । यस स्थान समुन्द्र सतहवाट उच्च स्थानमा अवस्थित भएकाले यार्चागुम्बा, पाँचऔंले, केसर लगायतका जडिबुटी खेतीको प्रचुर संभावना रहेको छ । साथै, यस क्षेत्रमा व्यवसायिक रुपमा चौरीगाई पालनको संभावना समेत उच्च रहेको छ । काठमाण्डौंबाट करिब १५० कि.मी मात्र टाढा रहेको र कुरी सम्म सहज सडक सञ्जाल समेत भएकोले उत्पादित कृषि उपजहरुको बजारीकरणलाई खासै समस्या नरहेको यस क्षेत्र धार्मिक तथा पर्यटन बाहेक कृषि व्यवसायको समेत उच्च संभावना भएको स्थान हो । सांस्कृतिक एवम् प्राकृतिक स्रोतहरुले धनि यो क्षेत्र मुख्य रुपमा गौरीशंकर संरक्षण क्षेत्रभित्र पर्ने भएकोले यस क्षेत्रको व्यापक प्रचार प्रसार गरि आन्तरीक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न बिषेश जोड दिनु पर्ने देखिन्छ ।

*स्रोत: स्थलगत सर्वेक्षण ।*




*स्रोत: सर्वेक्षण क्षेत्रका होटलहरु (२०८०)।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १०.८ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा सो संख्या ५७.३४ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व २.३ प्रतिशतले घटेर रु.५ अर्ब ५३ करोड कायम भएको छ (तालिका ५.१)। गत वर्षको सोही अवधिमा यस्तो राजस्व ६४.०५ प्रतिशतले घटेर रु.५ अर्ब ६६ करोड कायम भएको थियो। त्यसैगरी, समीक्षा अवधिमा घर/भवन नक्सापास संख्या ३५.०३ प्रतिशतले घटेको छ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०७९ पुस | २०८० पुस |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ४१६४८.०० | ४६१४१.०० |
| घर/भवन स्थायी नक्सा पास संख्या | ९२८८.०० | ६०३४.०० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ५६६२.१८ | ५५३३.३१ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*

## ५.३ वित्तीय सेवा


यस प्रदेशमा आर्थिक वर्ष २०८० पुस मसान्तसम्ममा वाणिज्य बैंकका १ हजार ८ सय १८, विकास बैंकका ३ सय ३५, वित्त कम्पनीका १ सय ८ र लघुवित्त वित्तीय संस्थाका ७ सय ६९ गरी जम्मा ३ हजार ३० शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (१ हजार १ सय ९३) तथा रसुवा जिल्लामा सबैभन्दा कम (५२) शाखा सञ्चालनमा रहेका छन् (तालिका ५.२)।

**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०७९ पुस | २०८० पुस |
|---|---|---|
| दोलखा | ६४ | ६५ |
| सिन्धुपाल्चोक | ९८ | ९६ |
| रसुवा | ५० | ५२ |
| धादिङ | १५३ | १५० |
| नुवाकोट | ११९ | ११७ |
| काठमाडौं | ११८४ | ११९३ |
| भक्तपुर | १६९ | १७० |
| ललितपुर | २९९ | ३१२ |
| काभ्रेपलाञ्चोक | १९२ | १९० |
| रामेछाप | ५८ | ५५ |
| सिन्धुली | ११४ | ११३ |
| मकवानपुर | १६६ | १६० |
| चितवन | ३५९ | ३५७ |
| **जम्मा** | **३०२५** | **३०३०** |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०७९ पुस मसान्तको तुलनामा ११.४ प्रतिशतले वृद्धि भई २०८० पुस मसान्तमा रु.४१ खर्ब २१ अर्ब ८५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १०.३ प्रतिशतले वृद्धि भएको थियो ।




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०७९ पुस मसान्तको तुलनामा ०.६ प्रतिशतले वृद्धि भई रु.२६ खर्ब ९९ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ५.० प्रतिशतले वृद्धि भएको थियो । २०८० पुस मसान्तमा कर्जा निक्षेप अनुपात ६५.४९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ७२.५५ प्रतिशत रहेको थियो ।

## ५.४ यातायात

२०८० साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी साधन दर्ता संख्या ४१ हजार २ सय ९५ रहेको छ । यसमध्ये मोटरसाईकल संख्या ४० हजार ७७ तथा अन्य सवारी साधन संख्या १ हजार २ सय १८ रहेको छ । गत वर्ष साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या ४५ हजार ३ सय ६ रहेको थियो । उल्लेख्य संख्यामा रोजगारी र अध्ययनको लागि युवाहरु बाहिर गएका र आन्तरिक मागमा सुस्तता आएको हुँदा समीक्षा अवधिमा बागमती प्रदेशमा सवारी साधनको दर्ता संख्या समेत घटेको छ ।

## ५.५ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २.५ प्रतिशतले घटेर रु.१६ खर्ब ९ अर्ब ६६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.४ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.६३ प्रतिशत रहेको छ ।

कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता क्षेत्रमा सबैभन्दा बढी कर्जा रु.४ खर्ब २७ अर्ब ३८ करोड प्रवाहित भएको छ भने सबैभन्दा कम कर्जा स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा रु ४२ अर्ब ७७ करोड प्रवाहित भएको छ । वृद्धिदरका हिसाबले कुल सेवा क्षेत्र कर्जामध्ये रियल स्टेट क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी ३३.९६ प्रतिशतले वृद्धि भएको छ भने अन्य क्षेत्रमा सबैभन्दा कम ३४.७६ प्रतिशतले ह्रास आएको छ । यातायात, भण्डारण र संचार, थोक तथा खुद्रा विक्रेता, वित्त, उपभोग्य कर्जा, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा क्रमशः ६.२५ प्रतिशत, ४.१७ प्रतिशत, ३.५१ प्रतिशत, १.७७ प्रतिशतले कमी आएको छ भने शिक्षा, अन्य सेवा, पर्यटन, स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा क्रमशः १८.४० प्रतिशत, ९.८७ प्रतिशत, २.७३ प्रतिशत, १.५२ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ५.३ : जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ५,०८६.८३ | ०.३२ |
| सिन्धुपाल्चोक | ५,१६२.३४ | ०.३२ |
| रसुवा | १,६६०.५३ | ०.१० |
| धादिङ | १७,४४५.०२ | १.०८ |
| नुवाकोट | १०,७७८.९० | ०.६७ |
| काठमाडौं | १,२०५,३०९.२५ | ७४.८८ |
| भक्तपुर | ४६,३५०.२५ | २.८८ |
| ललितपुर | ११९,२३८.५७ | ७.४१ |
| काभ्रेपलाञ्चोक | ३४,६२७.८७ | २.१५ |
| रामेछाप | २,४७३.१५ | ०.१५ |
| सिन्धुली | ७,८६१.०३ | ०.४९ |
| मकवानपुर | ४२,२८०.३४ | २.६३ |
| चितवन | १११,३९०.७४ | ६.९२ |
| **जम्मा** | **१,६०९,६६४.८१** | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७४.८८ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ (तालिका ५.३) ।

## ५.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा ०.६ प्रतिशतले घटेर रु. ७० अर्ब २४ करोड ४७ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ५.० प्रतिशतले बढेको थियो । यस प्रदेशमा प्रवाहित कुल सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी काठमाडौं जिल्लामा (३६.६९ प्रतिशत) प्रवाह भएको छ भने सबैभन्दा कम सिन्धुपाल्चोक जिल्लामा (०.६२ प्रतिशत) प्रवाह भएको छ (तालिका ५.४) । समीक्षा अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६८.५१ प्रतिशत कर्जा प्रवाह भएको छ भने सबैभन्दा कम CTEVT सम्बद्ध व्यावसायिक प्रशिक्षण तर्फ ०.०००३२ प्रतिशत कर्जा प्रवाह भएको छ । काठमाडौं जिल्लामा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६३.३० प्रतिशत र महिला उद्यमशील कर्जा तर्फ २९.२२ प्रतिशत कर्जा प्रवाह भएको छ । यस प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा अन्तर्गतको भूकम्प पिडित आवास घर निर्माणमा प्रवाहित कर्जामध्ये काठमाडौं जिल्लामा प्रवाहित भएको भूकम्प पिडित आवास घर निर्माण कर्जाको हिस्सा ६३.७१ प्रतिशत रहेको छ ।

**तालिका ५.४ : सहुलियतपूर्ण कर्जा**

| जिल्ला | सहुलियतपूर्ण कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| दोलखा | ५१२.४५ | ०.७३ |
| सिन्धुपाल्चोक | ४३८.९५ | ०.६२ |
| रसुवा | ४६५.९७ | ०.६६ |
| धादिङ | ३,१८५.६७ | ४.५४ |
| नुवाकोट | २,३११.४९ | ३.२९ |
| काठमाडौं | २५,७७१.०२ | ३६.६९ |
| भक्तपुर | २,८०२.७२ | ३.९९ |
| ललितपुर | ४,१४१.०६ | ५.९० |
| काभ्रेपलाञ्चोक | ३,९८३.९७ | ५.६७ |
| रामेछाप | ४७२.१८ | ०.६७ |
| सिन्धुली | १,२७४.५१ | १.८१ |
| मकवानपुर | ३,८२०.६५ | ५.४४ |
| चितवन | २१,०६४.१३ | २९.९९ |
| **जम्मा** | **७०,२४४.७६** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS) .*

## ५.७ सहकारी

समीक्षा अवधिमा यस प्रदेशका नमूना अध्ययन छनौटमा समेटिएका १० वटा सहकारीहरुको २०८० पुस मसान्तसम्म कुल पुँजी रु.८ अर्ब ११ करोड रहेको छ। त्यसैगरी, यी सहकारी संस्थाहरूमा रहेको कुल बचत रकम २०७९ पुस मसान्तको तुलनामा २.०१ प्रतिशतले वृद्धि भई २०८० पुस मसान्तमा रु.१८ अर्ब ७६ करोड पुगेको छ भने सो अवधिमा कुल ऋण रकममा ४.८२ प्रतिशतले ह्रास भई रु.१५ अर्ब ४६ करोड पुगेको छ। अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०८० पुस मसान्तसम्म कुल १३०,३७७ सदस्यहरु र कुल ३८० जना कर्मचारीहरु रहेका छन्। समीक्षा अवधिमा छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या १८.६३ प्रतिशतले घटेको छ। सहकारी विभागका अनुसार समस्याग्रस्त सहकारीको रुपमा घोषणा भएका सहकारी संस्थाहरुको संख्या १५ रहेका छन्।

**तालिका ५.५ : छनौटमा परेका १० सहकारी संस्थाहरूको २०८० पुस मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि आ.व. २०७८/७९ (साउन-पुस) | गत अवधि आ.व. २०७९/८० (साउन-पुस) | समीक्षा अवधि आ.व. २०८०/८१ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु.करोडमा) | ७१०.७२ | ७३०.८७ | ८११.८२ | २.८४ | ११.०८ |
| कुल बचत (रु. करोडमा) | १८३७.९४ | १८३९.०३ | १८७६.०२ | ०.०६ | २.०१ |
| कुल ऋण (रु. करोडमा) | १५६५.९२ | १६२४.७२ | १५४६.३९ | ३.७५ | -४.८२ |
| सदस्य सङ्ख्या | १२७०९६ | १२९२८१ | १३०३७७ | १.७२ | ०.८५ |
| कर्मचारी सङ्ख्या | ४५७ | ४६७ | ३८० | २.१९ | -१८.६३ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू।*

## ५.८ प्रदेशगत सरकारी वित्त

### प्रदेशगत सरकारी खर्च

आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्म बागमती प्रदेश सरकारको रु.१० अर्ब ६४ करोड बजेट खर्च भएको छ। उक्त रकम कुल विनियोजित बजेटको १६.९८ प्रतिशत हो। चालु खर्चतर्फ विनियोजित रकमको २२.६७ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजित रकमको १३.० प्रतिशत खर्च भएको देखिन्छ। गत वर्षको सोही अवधिमा चालु खर्चतर्फ बिनियोजित रकमको २३.० प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १०.५ प्रतिशत खर्च भएको थियो (तालिका ५.६)।

**तालिका ५.६ : प्रदेशगत खर्चको स्थिति**

*रु.अर्बमा*

| खर्च शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| चालु | २७.०९ | २६.४५ | ६.२२ | ५.९९ | २३.० | २२.६७ |
| पुँजीगत | ४१.८५ | ३५.७५ | ४.३८ | ४.६५ | १०.५ | १३.०० |
| वित्तीय व्यवस्था | २.०० | ०.५ | ०.६० | ०.०० | ३०.० | ०.०० |
| **कुल** | **७०.९४** | **६२.७०** | **११.२०** | **१०.६४** | **१५.८** | **१६.९८** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा, नेपाल।*

## प्रदेशगत सरकारी आय

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा आफ्नो स्रोतबाट संकलित राजस्व र राजस्व बाँडफाँड गरी कुल राजस्व प्राप्ति रु.११ अर्ब ४६ करोड पुगेको छ । उक्त रकम वार्षिक अनुमानको ३७.६ प्रतिशत हो । आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा बागमती प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.७ अर्ब ६९ करोड अनुदान प्राप्त गरेको छ (तालिका ५.७) ।

**तालिका ५.७: प्रदेशगत आयको स्थिति**

*रु. अर्बमा*

| शीर्षक | २०८०/२०८१ को अनुमान | २०८०/२०८१ पुस मसान्तसम्मको आय |
|---|---|---|
| राजस्व बाँडफाँड | २६.६८ | ९.७६ |
| प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजस्व | ३.७५ | १.७० |
| **कुल राजस्व** | **३०.४३** | **११.४६** |
| बेरुजु तथा गत वर्षको नगद मौज्दात | १४.४५ | ०.६५ |
| संघीय सरकारबाट प्राप्त अनुदान | १७.८१ | ७.६९ |
| **कुल** | **६२.७०** | **१९.८२** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा, नेपाल ।*

## ५.९ स्थानीय तहहरुको वित्त स्थिति

बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएको ५ स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा) ले आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा रु.१० अर्ब ४२ करोड रकम प्राप्त गरेका छन् । अघिल्लो आर्थिक वर्षको पुस मसान्तसम्ममा यी स्थानीय तहहरुले रु.२१ अर्ब ५० करोड रकम प्राप्त गरेका थिए ।

आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा छनौट गरिएको ५ स्थानीय तहहरुले रु.१५ अर्ब ४४ करोड रकम खर्च गरेका छन् । जसमध्ये पुँजीगत खर्च रु.७ अर्ब १९ करोड, चालु खर्च रु.८ अर्ब १७ करोड र वित्तीय खर्च रु.८ करोड रहेको छ ।

**तालिका ५.८: बागमती प्रदेशको स्थानीय तहहरुको खर्च विवरण***


रु. अर्बमा

| विवरण | २०७९/८० (अर्ध वार्षिक) | २०८०/८१ (अर्ध वार्षिक) |
|---|---|---|
| | वास्तविक खर्च | वास्तविक खर्च |
| कर | १०.१८ | २.६९ |
| अनुदान | ७.८३ | ५.७५ |
| अन्य राजस्व | ३.४ | १.९२ |
| विविध प्राप्ति | ०.०१ | ०.०२ |
| अन्य संस्थाहरुबाट ऋण प्राप्ति | ०.०८ | ०.०२ |
| **क. कुल प्राप्ति** | २१.५० | १०.४२ |
| **ख. कुल खर्च** | २१.४१ | १५.४४ |
| *चालु* | ११.४२ | ८.१७ |
| *पुँजीगत* | ९.७५ | ७.१९ |
| *वित्तीय* | ०.२४ | ०.०८ |
| **बचत (न्यून) रकम (क-ख)** | ०.१० | (५.०४) |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भरतपुर, ललितपुर, भक्तपुर, हेटौंडा)को यथार्थ रकम प्रस्तुत गरिएको ।

अध्ययनमा समेटिएको स्थानिय तहहरुमध्ये आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा कुल विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी ललितपुर महानगरपालिकाले ५५.३ प्रतिशत वास्तविक खर्च गरेको छ भने काठमाडौं महानगरपालिकले सबै भन्दा कम ३०.१ प्रतिशत वास्तविक खर्च गरेको छ। यसैगरी, भक्तपुर नगरपालिका, भरतपुर महानगरपालिका र हेटौंडा उपमहानगरपालिकाले कुल विनियोजित बजेटको क्रमश: ४५.५ प्रतिशत ४१.० प्रतिशत, र ५१.० प्रतिशत वास्तविक खर्च गरेका छन्।




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

## ५.१० सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.८.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेशको सेवा क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन्।

- बागमती प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा पर्यटकहरुलाई थप सुविधा तथा सुरक्षा प्रदान गर्न खानेपानी, हेल्प डेस्क, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्रको डिजिटल नक्सा, द्रुत उद्धार टीम, पर्यटकीय स्थलहरुमा निशुल्क इन्टरनेटको पहुँच तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु।
- काठमाडौं उपत्यकामा शिक्षा र स्वास्थ्य क्षेत्रका नाममा भइरहेको व्यापार न्यूनीकरण गरी सुपथ र सुलभ रुपमा शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नु।
- बढ्दो श्रमिक पलायनलाई प्रदेशमै रोजगारीका अवसरहरुको सिर्जना गर्नु।
- काठमाडौं उपत्यकास्थित मनोरञ्जन क्षेत्रका सबै होटल तथा डान्सबार दर्ताको दायरामा ल्याइ सो क्षेत्रमा काम गर्ने महिला एवम् किशोरीहरुमा हुने गरेको श्रम शोषण र यौन दुर्व्यवहार तथा शोषणको उच्च जोखिम कम गर्दै महिला सुरक्षाको उचित व्यवस्थापन गर्नु।
- ईन्टरनेट, टि.भि., टेलिफोन लगायतका दुरसञ्चार सेवालाई एउटै तारबाट प्रदान गर्ने व्यवस्था गरी शहरी सुन्दरीकरण गर्नु।
- सुचना प्रविधिको क्षेत्रलाई नियमन गर्न नियमनकारी संस्थाको स्थापना गर्ने। साथै, यस क्षेत्रमा रोजगारीको प्रचुर सम्भावना भएकोले Software निर्माण गर्ने संस्थाहरुको स्थापना तथा सञ्चालनको लागि सहजीकरण गर्दै आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने।

- सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन गरी कर्जा सुचना केन्द्रमा पहुँच दिनुपर्ने । साथै, सहकारी क्षेत्रमा विद्यमान समस्यालाई निराकरण गर्न स्वायत्त नियमनकारी संस्थाको स्थापना गर्नुपर्ने ।
- युट्युव, टिकटक जस्ता अनलाइन प्लेटफर्ममा गरिएको विज्ञापनबाट अदृष्य रुपमा रकम बाहिरिन सक्ने भएकाले त्यस्ता अनौपचारिक माध्यमका कारोबारलाई नियन्त्रणमा राख्नु ।
- उपत्यकाभित्र हुने ट्राफिक जामलाई कम गर्न सार्वजनिक यातायातलाई सफा, सहज, गुणस्तरीय बनाई पर्याप्त रुटहरुमा सार्वजनिक यातायात व्यवस्थापन गर्नु ।
- उपत्यका तथा ठूला महानगरहरुमा खुला रुपमा छाडिएका कुकुर तथा पशुचौपायाहरुको नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु र सोबाट फैलिनसक्ने रोग नियन्त्रण गर्नु ।
- प्रदेश र स्थानीय तहका बजेट खर्च बढाउनु ।

### ५.८.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको सेवा क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- प्रदेशले समय समयमा लगानी सम्मेलन आयोजना तथा Red Carpet Hosting गरी स्वदेशी तथा विदेशी लगानी भित्र्याउन सकिने ।
- यस प्रदेशको IT क्षेत्रमा भएको डिजिटल रूपान्तरण र दक्ष युवा जनसंख्याको प्रयोग गरी IT सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको ।
- यस प्रदेशमा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेकाले विदेशी पर्यटकहरुलाई यस्ता ठाउँहरुमा लैजाने व्यवस्था गर्न सकेमा पर्यटकहरुको बसाई अवधि लम्बाउन सकिने ।
- ट्राफिक एप निर्माण गरी सोको व्यवस्थित र प्रभावकारी कार्यान्वयन गरी ट्राफिक जाम नियन्त्रण गर्न सकिने सम्भावना रहेको ।
- सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, सार्वजनिक पार्क, प्रमुख बजार केन्द्र, तथा जनताको भिड बढी हुने ठाउँहरु पहिचान गरी यस्ता स्थानहरुमा सुपथ मूल्यमा High Speed इन्टरनेट प्रदान गरी सेवाको गुणस्तर वृद्धि गर्न सकिने ।
- देशगत रुपमा भित्रिने पर्यटकको विविधीकरण गरी सोही अनुसारको प्याकेज विकास गर्न सके पर्यटक आगमन संख्या र बसाँइ अवधि बढाउन सकिने ।
- यस प्रदेशको काठमाडौं उपत्यका नजिक रहेका डाँडाहरुमा पर्यटकीय रिसोर्टहरु निर्माण भई संचालनमा आइरहेकोले पर्यटन क्षेत्र थप विस्तार हुने साथै नयाँ होटलहरु विस्तार भएकाले पर्यटकलाई सहज सुविधा प्राप्त हुने हुँदा पर्यटक आगमन बढ्न सक्ने ।
- रुबी भ्यालीमा ट्रेकिङ्ग तथा पदयात्रा पयर्टनको प्रचुर सम्भावना रहेकोले पयर्टन प्रबर्द्धनका लागि आवश्यक सडक लगायतका अन्य पुर्वाधार निर्माण गरेमा पर्यटकीय गतिविधि विस्तार हुने ।
- सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई सजिलो बनाउन निशुल्क इन्टरनेट तथा स्क्यान एण्ड पे सुविधा उपलब्ध गराउने तथा सार्वजनिक यातायातमा ट्राभल कार्डबाट भुक्तानी गर्ने व्यवस्था मिलाउने ।
- काठमाडौं, चितवन जस्ता व्यस्त शहरमा मानसिक स्वास्थ्य विग्रिने सम्भावना रहेकोले बाल, युवा र बृद्धहरुलाई स्वच्छ र शान्त वातावरणमा हिँडडुल र आराम गर्न व्यायाम उपकरण सहितको सार्वजनिक पार्कहरु निर्माण गर्न सकेमा जनताको मानसिक स्वास्थ्यमा सुधार आउन सक्ने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

नेपालको सामाजिक तथा आर्थिक विकासमा सघाऊ पुऱ्याउने पूर्वाधार क्षेत्र देशको मेरुदण्डको रुपमा रहेको छ। पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशील रहेका छन्।

राष्ट्रिय गौरवका आयोजना अन्तर्गत यस प्रदेशमा ९ वटा आयोजना पर्दछन् जसमध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई विद्युत उत्पादन सुरु भईसकेको छ।

**तलिका ६.१ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | आ. व. २०८०/८१ को लक्ष्य अनुसार २०८० पुस मसान्त सम्मको प्रगति % | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय | |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना* | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ८६.२६ | ७३.१६ | |
| २. | विद्युत् प्रशारण आयोजना | २०८० भदौ | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | ६९.७० करोड अमेरिकी डलर | ३.६६ | ३.६६ | |
| ३. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ७३.६३ | ४५.०३ | |
| ४. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | २८.५७ | ३८ (गत आ.व.को दायित्व भुक्तानी सहित) | |
| ५. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | ४४.०६ | १९.०४ | |
| ६. | मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ४०.७२ | ३२.७२ | |
| ७. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ७६ | ८० | |
| ८. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ३४ | १७.५५ | |

**प्रगति विवरण सम्बन्धित आयोजनाबाट प्राप्त (२०७९ माघ मसान्तसम्म)।*

*स्रोत : राष्ट्रिय योजना आयोग।*

### मिलेनियम च्यालेन्ज अकाण्ट नेपाल: विद्युत प्रसारण आयोजना र सडक मर्मत आयोजना

अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन कम्प्याक्ट कोषको अनुदान ५० करोड अमेरिकी डलर र नेपाल सरकारको लगानी १९.७० करोड अमेरिकी डलर गरी ६९.७० करोड अमेरिकी डलरबाट सञ्चालन हुने कार्यक्रम अन्तर्गत राष्ट्रिय गौरवको आयोजना विद्युत् प्रसारण आयोजना (ईटीपी) र सडक मर्मत आयोजना (आरएमपी) पर्दछन्। आर्थिक वर्ष २०८०/८१ मा उक्त योजनालाई १०८४.१७ करोडको बजेट विनियोजन गरिएको छ। यसै आ.व.को समीक्षा अवधिमा विनियोजित बजेटको ३९.७१ प्रतिशत रकम खर्च भई आयोजना शुरु भएदेखि आर्थिक वर्ष २०८०/८१ को पुष मसान्तसम्मको भौतिक प्रगति ७ प्रतिशत रहेको छ भने वित्तीय प्रगति समेत ७ प्रतिशत रहेको छ (स्रोत: राष्ट्रिय योजना आयोग)।

### विद्युत प्रसारण आयोजना

विद्युत प्रसारण आयोजना अन्तर्गत बढीमा ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट विद्युत प्रसारण लाइन तथा रातमाटे, नयाँ दमौली र नयाँ बुटवल गरी तीन स्थानमा नयाँ सबस्टेशन निर्माण गरिने योजना रहेको छ । यस आयोजनाको उद्देश्य नेपालको विद्युत ग्रिडमा बिजुलीको उपलब्धता र विश्वसनीयतामा सुधार ल्याउँदै विद्युत खपत बढाउनु र भारतसँगको अन्तरदेशीय विद्युत व्यापार सहजीकरण गर्नु हो । एमसिए नेपालले निर्माण गर्ने प्रसारण लाइन नेपाल विद्युत प्राधिकरणले काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौँडामा निर्माण गर्ने सबस्टेशनमा जोडिने योजना रहेको छ। यस आयोजना अन्तर्गको प्रसारण लाइन सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट, धादिङ्ग, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र परासी जिल्ला हुँदै जानेछ । (स्रोत : मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल) ।

### सडक मर्मत आयोजना

नेपालमा रणनैतिक सडक मर्मतका लागि विद्यमान अभ्यासहरुमा सुधार गर्नु र सडक बोर्ड नेपाल र सडक विभागलाई प्राविधिक सहायता उपलब्ध गराउनु यस योजनाको उद्देश्य रहेको छ । तसर्थ, यस योजनाका मुख्य दुई क्रियाकलाप नै प्राविधिक सहायता र रणनैतिक सडक मर्मत हुन् । प्राविधिक सहायता क्रियाकलाप अन्तर्गत सडक विभाग र सडक बोर्ड नेपाललाई सडक मर्मत तर्जुमा, मूल्याङ्कन तथा नियमित र आवधिक रुपमा मर्मत कार्य गर्ने क्षमताको सुदृढिकरणका लागि प्राविधिक सहायता उपलब्ध गराउनु हो भने रणनैतिक सडक मर्मत क्रियाकलाप अन्तर्गत सवारी साधनको चाप भएका, काम गर्न असजिलो र काम गर्न बढी समय लाग्ने साँघुरो सडकमा मर्मत कार्य अगाडि बढाउँदा सामना गर्नुपर्ने समस्यालाई सम्बोधन गर्नु हो (स्रोत : मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल) ।

### हुलाकी राजमार्ग आयोजना

आ.व. २०६६/६७ मा आयोजना खडा गरी प्रारम्भिक कार्य सुरु गरेको यस आयोजनाले पूर्वमा झापा देखि पश्चिममा कन्चनपुरसम्मको सडक खण्डलाई हुलाकी राजमार्गको रुपमा विकास गर्ने उद्देश्य लिएको छ । कुल सडक लम्बाई १८५७ कि.मि.मध्ये पूर्व देखि पश्चिम तर्फको लम्बाई ९७५ कि.मि रहेको छ भने उत्तर देखि दक्षिण जोडिने सहायक सडकहरुको लम्बाई ८८२.४२ रहेको छ । हुलाकी राजमार्ग निर्माणको प्रमुख लक्ष्य भनेकै तराई मधेशका जिल्लाहरुका सदरमुकाम तथा जनघनत्व बढी भएका बस्तीलाई सडकसँग जोड्नु रहेको छ। यस आयोजनाको प्रारम्भिक लागत ४७ अर्ब २४ करोड अनुमान गरिएकोमा संशोधित लागत ६५ अर्ब २० करोड रहेको छ । यस योजनाको हालसम्म १०३९ कि.मि.सडक कालोपत्रे भएको छ । त्यसैगरी, आयोजनाको शुरु भएदेखि आ.व. २०८०/८१ को पुष मसान्तसम्मको भौतिक प्रगति ६४.०३ प्रतिशत रहेको छ भने वित्तीय प्रगति ५९.२१ प्रतिशत रहेको छ (स्रोत : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन् ।

- पूर्वाधार निर्माणका लागि समयमै योजनाको डिपिआर लगायत अध्ययन तयार गर्ननसक्नु, त्यसैगरी आयोजनाको मूल्याङ्कन गर्न नसक्नु, स्रोत सुनिश्चितता गर्न नसक्नु, ठेक्का प्रकृया लगायत निर्माणका कार्यहरु समयमै अघि बढाउन नसक्नु ।
- रुख कटान तथा जग्गा भोगाधिकारको स्वीकृतिमा जटिलता हुनु तथा क्षतिपूर्ति लगायत मुआब्जामा समस्या देखिनु ।
- आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चिता गर्न नसक्नु ।

- तोकिएको समयमा पूर्वाधारसम्बन्धी परियोजना स्वीकृत हुन नसक्नु र सोही कारण पूर्वाधार सम्पन्न गर्न पटक पटक म्याद थप गरी लागत बढाउनु ।
- फितलो अनुगमन प्रणालीका कारण गुणस्तरीय काम हुन नसक्नु ।
- अवैज्ञानिक तवरले खनिएका सडक तथा खोलिएका ट्र्याकले निम्त्याउने सम्भावित दुर्घटना, वातावरणीय जोखिम र मानवीय जिउधनको क्षती हुनु ।

### ६.२.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको पूर्वाधार क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- आयोजना स्थलको छनौट, स्रोत साधनको आवश्यकता, जग्गा अधिग्रहण र मुआव्जा वितरण कार्य गर्ने विषय विज्ञ, सम्वन्धित मन्त्रालयका प्राविधिक पदाधिकारी, स्थानीय जनप्रतिनिधि र आयोजना प्रभावित समेतको सहभागिता रहने गरी संयन्त्र खडा गर्न सकिने र स्थानीय स्तरबाट हुने अवरोधलाई सहभागितामूलक बनाई पूर्वाधार निर्माण कार्यलाई तिब्र गति दिन सकिने ।
- पूर्वाधार क्षेत्रमा लगानीको श्रोत सुनिश्चित गरी विनियोजित बजेटलाई तोकिएको समयावधि भित्रै परियोजना सम्पन्न गर्न सके उचित प्रतिफल लिन सकिने सम्भावना रहेको ।
- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुको कार्ययोजनामा पूर्वाधारलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले गति लिनसक्ने सम्भावना रहेको ।
- यस प्रदेशले चौडा र गुणस्तरीय सडकमार्ग, प्रभावकारी सञ्चार सुविधा, औद्योगिक पूर्वाधार तथा व्यापारिक पूर्वाधारमा प्रशस्त लगानी गर्नसक्ने सम्भावना रहेको ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बागमती प्रदेशमा आ.व. २०८०/८१ पुस मसान्तसम्म काभ्रेपलान्चोक जिल्लामा सबैभन्दा बढी (१९७ वटा) र मकवानपुर जिल्लामा सबैभन्दा कम (१४ वटा) आयोजनाहरू रहेका थिए । त्यसैगरी, आ.व. २०८०/८१ पुस मसान्तसम्ममा भक्तपुर जिल्लाका युवाहरूले सबैभन्दा बढी दिन रोजगारी प्राप्त गरेको देखिन्छ भने रसुवा, धादिङ, ललितपुर, रामेछाप र मकवानपुरमा रोजगारी प्रदान नगरेको देखिन्छ । कुल सूचीकृत बेरोजगारको संख्या सबैभन्दा बढी दोलखा जिल्लामा रहेको छ (तालिका ६.२) ।

**तालिका ६.२: जिल्लागत रोजगारीको विवरण (२०८० पुस मसान्तसम्म)**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | ७५ | १७३६५ | १९ | १४६३ |
| सिन्धुपाल्चोक | ८६ | ११५९० | ५ | १०५ |
| रसुवा | ३४ | ९४२ | ० | ० |
| धादिङ | ३१ | १०००८ | ० | ० |
| नुवाकोट | ७४ | ८८८२ | ९० | ६४६७ |
| काठमाडौं | ४६ | २९६१ | ३९ | १६९३ |
| भक्तपुर* | २६ | १५१७ | ६९ | १७१५ |
| ललितपुर* | ३३ | ३३४९ | ० | ० |
| काभ्रेपलाञ्चोक | १९७ | ८९१९ | ५२ | २५५३ |
| रामेछाप | ४७ | ८७३७ | ० | ० |
| सिन्धुली | ६४ | १६७९७ | २१ | १००१ |
| मकवानपुर | १४ | ७३५२ | ० | ० |
| चितवन | ५८ | ४२४४ | ३४ | १९४३ |
| **जम्मा** | **७८५** | **१०२६६३** | **३२९** | **१६९४०** |

**भक्तपुर र ललितपुर जिल्लाको कुल रोजगारी दिन उपलब्ध नभएको ।*

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८०*

### वैदेशिक रोजगारी

बागमती प्रदेशमा रोजगारीको सिलसिलामा श्रमशक्तिहरु विदेश जानेक्रम विगतका वर्षहरुमा बढिरहेको सन्दर्भमा आर्थिक वर्ष २०८०/८१ को ६ महिना अवधिमा भने वैदेशिक रोजगारीमा जानेको संख्या थोरैले भएपनि घटेको देखिन्छ। आ.व. २०७९/८० साउनदेखि पुसको तुलनामा आ.व. २०८०/८१ को सोही अवधिमा वैदेशिक रोजगारीको श्रम स्वीकृति लिनेको संख्या करिब ६ प्रतिशतले घटेको देखिन्छ। तथ्याङ्कका अनुसार पुन: श्रम स्वीकृति नविकरण वा पुन: स्वीकृति लिनेको संख्या घटेको पाइन्छ। वैदेशिक रोजगार विभागबाट बागमती प्रदेशमा २०८० साउनदेखि पुससम्म कुल ५७ हजार ८ सय ३० जनाको वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि जम्मा ६१ हजार ४ सय ६३ जनालाई स्वीकृति प्रदान गरिएको थियो (तालिका ६.३)।

**तालिका ६.३: जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण**

| जिल्ला | आ.व. २०७७/७८ साउन-पुस | आ.व २०७८/७९ साउन-पुस | आ.व २०७९/८० साउन-पुस | आ.व २०८०/८१ साउन-पुस |
|---|---|---|---|---|
| दोलखा | ३२२ | २१७२ | ३५३३ | ३१८२ |
| सिन्धुपाल्चोक | ६३४ | ४०९० | ६१८४ | ५४४३ |
| रसुवा | १२१ | ५०९ | ६९४ | ६८२ |
| धादिङ | ६२५ | ४१९८ | ६६११ | ५९३३ |
| नुवाकोट | ६०८ | ३७१७ | ५३३० | ५०४५ |
| काठमाडौं | ६३४ | ३२२१ | ४००७ | ४२६० |
| भक्तपुर | १७८ | ७९३ | १७५९ | १६५५ |
| ललितपुर | २२६ | १४३१ | १८९५ | २११३ |
| काभ्रेपलाञ्चोक | ६५३ | ४१८३ | ६५०१ | ५७३८ |
| रामेछाप | ३७१ | २४८८ | ३९२७ | ३५७३ |
| सिन्धुली | ४६८ | ३५५२ | ५७१५ | ४८४७ |
| मकवानपुर | ६५७ | ४६०४ | ७२१८ | ६६५० |
| चितवन | १३३४ | ६४५२ | ८०८९ | ८७०९ |
| **कुल** | **६८३१** | **४१४१०** | **६१४६३** | **५७८३०** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८०*

### ६.३.१ चुनौती

समीक्षा अवधिमा पहिचान भएका बागमती प्रदेशको रोजगारी क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन्।

- ठूलो संख्यामा देशबाट युवाशक्ति पलायन हुनाले नेपालले जनसांख्यिक लाभांश लिनबाट बन्चित हुनु। दक्ष जनशक्ति देशबाट रोजगारीका लागि विदेश पयालयन हुँदा देशको विकासमा संकुचन आउनु।
- उद्योग तथा व्यवसाय गर्न नीतिगत, कानुनी, प्रक्रियागत तथा संरचनागत सुधारहरु लगानीकर्ताले सोचे जस्तो नभएको र सुधार भएका क्षेत्रमा समेत कार्यान्वयन पक्ष कमजोर रहनु। साथै, सरकारी निकायबीच व्यवस्था कार्यान्वयनमा एकीकृत अवधारणाको अभाव रहनु।
- कृषि तथा गैरकृषि लगायतका उत्पादनशील क्षेत्रमा कम लगानी हुनु।
- प्राविधिक तथा सेवा श्रेत्रमा विकसित देशको तुलनामा कम तलबभत्ता तथा न्यून पारिश्रमिक कायम रहनु तथा उक्त क्षेत्रमा वृति विकासको निश्चितता नहुनु। साथै, प्राविधिक क्षेत्रले अन्य देशको तुलनामा गति हाँसिल गर्न नसक्नु।

- नेपालमा वैदेशिक रोजगारीका कारण स्वदेशमा पारिश्रमिक बढ्दै गएको तर श्रमशक्ति सीपयुक्त नहुँदा उत्पादकत्वमा भने कमी आएको ।

### ६.३.२ सम्भावना

उपरोक्त चुनौतीका बावजुद पनि बागमती प्रदेश अन्तर्गतको रोजगारी क्षेत्रमा देहाय बमोजिमका सम्भावनाहरु विद्यमान रहेका छन् ।

- युवासँग रहेको ज्ञान, पुँजी र प्रविधिलाई जोड्न यस प्रदेश अन्तर्गतका विभिन्न तहका संघ/संस्थाले मध्यकालीन तथा दीर्घकालीन योजना बनाई रोजगारी सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिने ।
- यस प्रदेशमा बैंकिङ सेवा, सञ्चार माध्यम, इन्टरनेट, मोबाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार गरी रोजगारी सृजना गर्न सकिने ।
- काठमाण्डौं उपत्यका तथा ठूला शहरहरुमा कृषि तथा कृषिमा आधारित उद्योग, पर्यटन तथा सूचना प्रविधि लगायत क्षेत्रको उपयोग गरी युवाशक्तिलाई स्वदेशमै रोजगार दिलाउन विभिन्न देशसँग द्विपक्षीय तथा बहुपक्षीय समझदारी गर्न सकिने सम्भावना रहेको ।
- फरक प्रकृतिका कामको सम्मान गर्ने संस्कृति बसाली युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण सृजना गरी रोजगारी वृद्धि गर्ने सम्भावना रहेको ।

# परिच्छेद ७: आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रयमासबाटै ब्याजदर घट्दो क्रममा रहेको छ। यद्यपि, समीक्षा अवधिमा अधिकांश समयसम्म ब्याजदरमा चाप रहेको, समष्टिगत मागमा कमी आएको, सरकारले पुँजीगत खर्च गर्न र राजस्व उठाउन नसकेको जस्ता कारणहरुले गर्दा अर्थतन्त्रमा अपेक्षित सुधार नभएको देखिन्छ। स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुसँग गरिएको भेटघाट तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत् व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि आगामी समयमा केही सुधार हुने अनुमान गरिएको छ।

## ७.१ कृषि क्षेत्रको परिदृष्य

यस प्रदेशको अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्रहरू र कृषि मन्त्रालयबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०८०/८१ मा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान गरिएको छ। सिंचित क्षेत्रफलमा विस्तार भएको, समयमै रोपाई तथा वर्षा भएको, बीउ बिजन, प्रविधि र रासायनिक मलको उपलब्धतामा सुधार आएको र धान थन्काउने समय पनि अनुकूल रहेको कारण धानको उत्पादनमा वृद्धि भएको देखिन्छ। वर्षामा खासै निर्भर नरहने चैते धानको उत्पादनमा पनि सामान्य वृद्धि हुने अनुमान गरिएको छ। बागमती प्रदेशका प्रमुख शहरहरुमा अन्नबाली लगाउने धेरैजसो भू-भागमा तरकारी खेती हुन थालेकोले र संरक्षित जमिनमा तरकारी उत्पादन गर्ने कृषकको संख्यामा वृद्धि भएकोले तरकारी उत्पादन वृद्धि हुने देखिन्छ। त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार दुध र मासुको माग बढेको तथा वैदेशिक रोजगारीबाट फर्केका युवावर्ग पशुपालन व्यवसायमा आकर्षित भएको हुनाले दुध र मासुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ।

## ७.२ औद्योगिक क्षेत्रको परिदृष्य

पछिल्लो समय अर्थतन्त्रका महत्वपूर्ण सूचकहरुमा केही सुधार आएपनि उद्योगीहरुको मनोवलमा देखिएको सुस्तता, निर्माण तथा व्यापार क्षेत्रको शिथिलता, न्यून औद्योगिक कर्जा विस्तार, नेपाल राष्ट्र बैंकले उपलब्ध गराउंदै आएको पुर्नकर्जा सुविधा उपलब्ध हुन नसकेको, पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि, सिमेन्ट तथा स्टील उत्पादन तथा बिक्रीमा कमी, न्यून उत्पादन क्षमताको प्रयोग आदिका कारण आगामी समयमा समग्रमा उद्योग उत्पादनमा केही कमी आउने सम्भावना देखिन्छ।

## ७.३ सेवा क्षेत्रको परिदृष्य

निजी क्षेत्रतर्फ कर्जा प्रवाह बढ्न नसकेको र आयातमा आएको कमीका कारण समग्र मागमा कमी आएको छ। व्यापारजन्य वस्तुको आयात तथा आन्तरिक उत्पादनमा आएको गिरावटले थोक तथा खुद्रा व्यापार क्षेत्र यथास्थिति रुपमा रहने देखिन्छ। असोजयता मुद्रास्फीति घट्दै गएको र विदेशी पर्यटक आगमन संगसंगै आन्तरिक पर्यटकहरूमा समेत वृद्धि भएको हुँदा होटलहरुको औसत अकुपेन्सी दरमा समेत सुधार आउने र होटल, रेष्टुरेन्ट तथा ट्रेकिङ लगायतका पर्यटकीय गतिविधिहरू क्रमशः बढ्दै जाने देखिन्छ। पर्यटकहरुबाट प्राप्त हुने भ्रमण आय कोभिड-१९ अघिकै लयमा फर्किने अवस्थामा रहेको छ। घर जग्गाको कारोबारमा कमी आएता पनि निजी आवास तथा भाडाका क्रियाकलापमा वृद्धि भएको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, यातायात तथा भण्डारणमा सुधार आएको जस्ता कारणले समग्र सेवा क्षेत्रमा सामान्य वृद्धि हुने सम्भावना देखिन्छ।

## ७.४ पूर्वाधार क्षेत्रको परिदृष्य

बागमती प्रदेश सरकारको राजस्व र खर्चबीचको फराकिलो अन्तर, राजस्व संकलनमा आएको कमी, पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको, समष्टिगत माग विस्तारमा आएको कमी, निर्माणजन्य समाग्रीको आयात सँगसँगै स्वदेशी उत्पादनमा आएको कमी लगायतका कारणले यस आर्थिक वर्ष पूर्वाधार क्षेत्रमा अपेक्षाकृत विस्तारको सम्भावना कम देखिन्छ।

*   *   *